# कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकको विधा निर्माण
( कविता, कथा, संवाद र प्रबन्ध )

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर
तह दोस्रो वर्षको नेपाली शिक्षा विषय नेपाली भाषा शिक्षा ५९८
पाठ्यांशको प्रयोजनका निम्ति प्रस्तुत
शोधपत्र

**शोधकर्त्ता**

सुमित्रा योञ्जन
स्नातकोत्तर तह दोस्रो वर्ष
परिक्षा क्रमाङ्क ४३५००३५/२०६८
त्रि.वि.दर्ता नम्बर ९-२-४३५-२७-२००५
नेपाली शिक्षा विभाग,रा.रा.ता.ज.बहुमुखी क्याम्पस गोलबजार-४, सिरहा

# श्री रामप्रताप रामप्रसाद तामाङ्ग जनता वहुमुखी क्याम्पस

**गोलवजार-४, सिरहा**

## शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत नेपाली भाषा शिक्षा विभाग एम. एड. दोस्रो वर्षका छात्रा श्रीमती सुमित्रा योञ्जनले कविता, कथा, संवाद र प्रबन्ध शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा रही तयार गर्नु भएको हो । परिश्रम पूर्बक तयार पार्नु भएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०७३/०१/०६ /इ.स. : २०१६/०४/१८

......................

**शोध निर्देशक**

गुलाबकुमारी यादव

रा.रा.ता.ज.ब.क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

गोलबजार - ४, सिरहा

## प्रतिबद्धता

प्रस्तुत शोधपत्र अन्य कुनै पनि उपाधि वा प्रयोजनका लागि प्रस्तुत नगरिएको व्यहोरा व्यक्त गर्दछु ।

...................

सुमित्रा योञ्जन

मिति : वि.सं. २०७२/१२/२२

: इ. सं. २०१६/०४/०४

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले श्रद्धेय गुरुआमा गुलाब कुमारी यादवको कुशल निर्देशनमा रही तयार पारेको हुँ । आफ्नो कार्य व्यस्तताका बीच पनि अमूल्य समय दिनुभई आवश्यक सरसल्लाह, निर्देशन दिएर सम्बन्धित विषयमा विविध सामाग्री समेत उपलब्ध गराईदिनु भएकोमा र शोधपत्र तयार पार्न मार्गदर्शन गर्नु भएको शोध निर्देशक श्रद्धेय गुरुआमा श्री गुलाब कुमारी यादव प्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्ना विविध कार्यमा व्यस्त रहेर पनि मौखिक जानकारी दिएर तथा अमूल्य समय दिएर सहयोग पुऱ्याइदिनु हुने गुरु श्री किशोर कुमार साह प्रति म हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत शोधपत्रको लेखनका निम्ति स्वीकृति प्रदान गरी शोध लेखनको अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख आदरणीय गुरु श्री फुलगेन महासेठ ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आवश्यक सरसल्लाह र सुझाव दिई सहयोग गर्नुहुने रा.रा.ता.ज.ब.क्याम्पस नेपाली स्नातकोत्तर कार्यक्रम प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस्तै यो शोधपत्र तयार गर्दा आवश्यक परेका बखत जतिखेर पनि सहयोग प्रदान गर्नु हुने कम्प्यूटरका भाइ जयकुमार लामालाई पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यो अध्ययनको सिलसिलामा सहयोगी विद्यालयका प्रधानाध्यापक नेपाली भाषा विषयका शिक्षकहरु तथा अन्य मलाई सहयोग पुऱ्याउनु हुने शिक्षकहरु प्रति अत्यन्तै आभारी छु । शिक्षाको यो स्तरसम्म पुऱ्याउनका लागि मलाई हरतहरले सहयोग पुऱ्याउनु हुने माता मुन्ती लामा, दाजुभाउजू, भाइबुहारी, बहिनीज्वाई तथा मेरी छोरी शिक्षा मस्राङ्गी र प्रेरणाका श्रोत मेरो पति मनोज मस्राङ्गी ज्यूका साथै मेरा आफन्त र मित्रहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग रा.रा.ता.ज.ब.क्याम्पस असनपुर गोलबजार समक्ष प्रस्तुत गर्दछु ।

....................

सुमित्रा योञ्जन

रा.रा.ता.ज.ब.क्याम्पस गोलबजार, सिरहा

## शोधसार

शोधशीर्षक : कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकको विधा निर्माण (कविता, कथा, संवाद र प्रबन्ध)

शोधार्थी : सुमित्रा योञ्जन

शोध निर्देशक : स.प्रा.गुलाब कुमारी यादव

विभाग/क्याम्पस : रा. रा. ता. ज. ब. क्याम्पस नेपाली भाषा शिक्षा विभाग गोलबजार - ४, सिरहा

शैक्षिक वर्ष : २०६८/२०७०

पृष्ठ संख्या : ६२

अध्याय संख्या : पाँच

**शोध प्रक्रिया :**

प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको नेपाली शिक्षा द्धितीय वर्षको नेपाली भाषा शिक्षा ५९८ पाठ्यांसको प्रयोजनका लागि तयार गरिएको हो ।

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्न पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा पूर्व कार्यको समिक्षा, तेस्रो अध्यायमा शोध विधि, चौथो अध्यायमा विधा निर्माणका आधारहरु र पाँचौ अध्यायमा निष्कर्ष र सुझाव सम्बन्धि अध्ययन गरिएको छ ।

यो शोधपत्र कक्षा पाँचको भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेअनुसारको कविता, कथा,संवाद र प्रबन्ध विधा निर्माण गर्नु भाषिक सीप विकासका लागि बोध र अभिव्यक्ति प्रस्फुटन हुने अभ्यास सामाग्री तयार पार्नु र भाषा पाठ्यपुस्तक विधिका आधारमा व्याकरणको अभ्यास सामाग्री तयार पार्ने र विधाका आधारमा

सिर्जनात्मक क्षमता प्रस्फुटन हुनेगरी अभ्यास सामाग्री तयार पार्ने जस्ता उद्देश्यमा केन्द्रित रहेको छ ।

यस अध्ययनका क्रममा सामाग्री संकलन गर्नका लागि पुस्तकालयीय विधि प्रयोग गर्नुका साथै शोध-खोज विधिमा आधारित भई विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत अध्ययन मुलतः सर्वेक्षण पद्धतिमा आधारित रहेको छ । यस अध्ययनको क्रममा आवश्यक सामाग्रीको रुपमा सरकारी र गैर सरकारी विद्यालयहरुमा अध्ययन गरिएका कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकबाट कविता, कथा समावेश गरिएका छन् भने संवाद र प्रबन्ध आफैले निर्माण गरी राखिएका छन् । यसमा कक्षा पाँचको नेपाली पाठ्यपुस्तकको कविता, कथा, संवाद र प्रबन्ध गरी चार विधालाई समेटेका छन् ।

अतः कक्षा पाँचको भाषा पाठ्यपुस्तकमा विधाका आधारमा निर्माण गरी अध्ययन विश्लेषण गरिएको छ । अन्त्यमा खोज अनुसन्धान तथा विश्लेषणबाट निष्कर्ष निकाली सोही आधारमा सुझावहरु समेत प्रस्तुत गरिएको छ ।

## विषय सूची

शोध निर्देशकको सिफारिस ....................................................१

मूल्याङ्कन समितिको स्वीकृति ....................................................२

प्रतिवद्धता ....................................................३

शोधसार ....................................................४

कृतज्ञता ज्ञापन ....................................................६

संक्षिप्त शब्दावली ....................................................७

लेख्य संकेत सूची ....................................................८

प्रयुक्त शब्दावलीको अंग्रेजी रुपान्तरण ....................................................९

**अध्याय एक**

१. शोध परिचय ....................................................१०

क. शोधको समस्या ....................................................१०

ख. शोधको उद्देश्य ....................................................११

ग. शोधको महत्व र औचित्य ....................................................११

घ. शोधको सीमा ....................................................१२

ङ. शोधपत्रको रुपरेखा ....................................................१२

**अध्याय दुई**

२. पूर्वकार्यको समिक्षा ....................................................१३

**अध्याय तीन**

३. शोध विधि ............................................२६

क. सामाग्री संकलन विधि ............................................२६

ख. विश्लेषण /लेखन विधि ............................................२६

ग. भाषा पाठ्यपुस्तक तयार पार्ने सैद्धान्तिक आधारहरु ...............२६

**अध्याय चार**

४. निर्माण गरेका विधाहरु ............................................३४

क. हाम्रो झन्डा (कविता) ............................................३४

ख. चिरबिरे भँगेरी (कथा) ............................................३८

ग. वृक्षारोपन (संवाद) ............................................४५

घ. "मा धमिनी" (प्रबन्ध) ............................................५२

**अध्याय पाँच**

५. निष्कर्ष र सुझाव ............................................५८

**सन्दर्भग्रन्थ सूची** ............................................६१

# संक्षिप्त शब्द सुची

| संक्षिप्त शब्द | पूर्ण रुप |
|---|---|
| प्रा. शि. | प्राथमिक शिक्षक |
| प्रा.वि. | प्राथमिक विधालय |
| नि.मा.वि. | निम्न माध्यामिक विधालय |
| मा.वि. | माध्यामिक विधालय |
| उ.मा.वि. | उच्च माध्यामिक विधालय |
| त्रि.वि. | त्रिभुवन विश्वविधालय |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| उ.प्रा. | उप प्राध्यापक |
| नेपा.शि. | नेपाली शिक्षण |
| ने.वृ.श. | नेपाली वृहत शब्दकोश |
| क्र.स. | क्रम संख्या |
| गो.प. | गोरखा पत्र |
| वि.स. | विक्रम संवत् |
| इ.स. | इस्वी संवत् |
| पा.पु. | पाठ्यपुस्तक |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| क्षे.शि.नि. | क्षेत्रीय शिक्षा निर्देशनायल |
| उ.मा.शि.प. | उच्च माध्यमिक शिक्षा परिषद |
| स.रा.शि.स. | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| रा.शि.आ. | राष्ट्रिय शिक्षा आयोग |

# लेख्य संकेत सुची

| **लेख्य संकेत ( चिन्ह )** | **अर्थ** |
|---|---|
| ( | अर्ध कोष्ठ |
| ( ) | कोष्ठ |
| : | विसर्ग/निर्देश |
| = | बराबर /सम |
| + | योग |
| % | प्रतिशत |
| / | विकल्प |
| . | विन्दु /दशमलब |
| .... | बहुविन्दु / रिक्तस्थान |
| , | अल्पविराम |
| ; | अर्धविराम |
| “ ” | उद्धरण |
| ! | उद्गार |
| ? | प्रश्नवाचक |
| । | पूर्णविराम |

## प्रयुक्त नेपाली अंग्रेजी रुपान्तरण

| | |
|---|---|
| पुरुष | person |
| प्रेरणार्थक | causative |
| पक्ष | aspect |
| पुलिङ्ग | masculine |
| पदावली | phrase |
| बध्रुप | bound form |
| भिन्नार्थक | doublets |
| भुतकाल | past tense |
| भेद्य | possosum |
| भाषणन्तरिक त्रुटि | intra error |
| मानवेत्तर | non human |
| मानवीय | human |
| युगल अकरण | double negation |
| रुपायक प्रत्येय | inflection affix |
| प्रकार्य मुलक शब्द | fuctional word |
| प्रत्येय | suffix |
| प्रथम पुरुष | first person |
| पर्याय | synonym |
| पश्चस्वर | back vowel |
| बहुवचन | plural |
| भाव | mood |
| भाव वाच्य | impersonal voice |
| भाषिका | dialect |
| भेदक | distinctive |
| मुक्त रुप | free from |
| महाप्राण | aspirated |
| रुपावली | paradigm |
| रुपायन | inflection |
| रुप विवृति | morphemic process |

# अध्याय : एक

## शोध परिचय

भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ ) नै भाषिक सीप हुन । भाषिक सीपको विकास नभई भाषा सिकेको वा जानेको मान्न सकिदैन । शिक्षार्थीमा भाषिक सीपको विकास गराउन साहित्यका विधा उप विधाका पाठहरुलाई स्थान दिइएको हुन्छ । साहित्यका विधा उपविधामा कविता, कथा, संवाद, प्रवन्ध आदि पर्दछन् । यी विधा उपविधाका पाठहरुका माध्यमबाट शिक्षार्थीहरुमा भाषिक सीपको विकास गराईन्छ । फरक फरक विधा उपविधाका पाठहरुको माध्यमबाट फरक ढङ्गले भाषिक सीपको विकास गराउन सकिन्छ । कविता विधाका पाठबाट लयबोध, शब्दार्थ, वाक्यमा प्रयोग र भावबोध जस्ता क्रियाकलाप गराइ विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सीपको विकास गराउन सकिन्छ । यसै गरी कथा, संवाद, प्रवन्ध विधाका पाठबाट सस्वर बाचन शब्दार्थ, प्रश्नोत्तर, वाक्यमा प्रयोग जस्ता विधा उपविधाका माध्यमबाट भाषिक सीपको विकास गराउन सकिने हुनाले महत्वपूर्ण स्थान रहन्छ ।

प्रस्तुत अध्याय त्रिभुवन विश्वविद्यालय श्री रामप्रताप रामप्रसाद तामाङ्ग जनता बहुमुखी क्याम्पस गोलबजार -४, सिरहा शिक्षा शास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह द्बितीय वर्षको शोधपत्र नेपाः शि.५९८ पाठ्यांशको उद्देश्य पुरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको शीर्षक कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकको विधा निर्माण ( कविता, कथा, संवाद, प्रवन्ध ) रहेको छ । यसले भाषाका चारै सीपलाई संगठित रुपमा अंगालेका छन् ।

**क.) शोधको समस्या :**

कक्षा पाँचको भाषा पाठ्यपुस्तकका लागि विधा निर्माण उद्देश्यले तयार गरिएको प्रस्तुत शोधपत्रले निम्नलिखित समस्या समाधानमा केन्द्रित रहेको छ ।

- कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेअनुपरूप के-कस्ता कविता, कथा, संवाद र निबन्ध उपयुक्त हुन्छ ?
- कविता, कथा, संवाद र निबन्धबाट बोध र अभिव्यक्तिगत भाषिक सीप विकासका लागि केकस्तो अभ्यास उपयुक्त हुन्छ ?
- नेपाली भाषा पाठ्यपुस्तक विधिका आधारमा व्याकरणका सामग्री के्कस्तो उपयुक्त हुन्छ ?
- विधागत आधारमा के कस्तो सिर्जनात्मक अभ्यास प्रयोग गर्न सकिन्छ ?

**ख.) शोधको उद्देश्य :-**

यस शोधको उद्देश्य निम्नानुसार छ :-

- कक्षा पाँचको भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेअनुरुपको कविता, कथा, संवाद र निबन्धका विधा निर्माण गर्नु ।
- भाषिक सीप विकासका लागि बोध र अभिव्यक्ति प्रस्फुटन हुने अभ्यास सामाग्री तयार पार्नु ।
- भाषा पाठ्यपुस्तक विधिका आधारमा व्याकरणको अभ्यास सामग्री तयार पार्नु र  विधाका आधारमा सिर्जनात्मक क्षमता प्रस्फुटन हुने गरी अभ्यास सामग्री तयार पार्नु ।

**ग.) शोधको महत्व  र औचित्य :**

यस शोधको महत्व र औचित्य निम्न अनुसार हुनेछ :

- विद्यार्थीहरुको स्तर र रुचि अनुसार पाठ्यसामग्री छनोट गरी विधागत प्रयोजनलाई ध्यान दिइ पाठ्यक्रम अनुकूल सामाग्री चयन गर्न सहायक सिद्ध हुने :

- समयानुसार पाठ्यक्रम संशोधनको पृष्ठभूमि तयार पार्ने काममा सघाउ पुऱ्याउने
- पाठ्यपुस्तक लेखकका लागि एउटा सुनिश्चित दृष्टिकोण प्रदान गर्ने ;
- मूल्याङ्कनकर्ताले आवश्यक समीक्षा गर्दै निर्देशन र पृष्ठपोषणको रुपमा सुझाव प्रस्तुत गर्न ;
- कक्षा कोठाको शिक्षण सिकाईलाई प्रभावकारी बनाइ सफल शिक्षकको रुपमा परिचित गराउन मद्दत गर्ने ।

**घ.) शोधको सीमा**

कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकका लागि पाठ्यक्रम विकास केन्द्रद्धारा २०६४ सालमा प्रकाशित पाठ्यक्रम अनुरुप विधा निर्माणको नमुना पाठ तयार पार्नु नै यस शोध-पत्रको सीमा हो । यस क्रममा कविता, कथा, संवाद र निबन्ध विधाको एक-एक पाठ मात्र तयार पार्नु पनि यस शोध पत्रको सीमा भित्र रहेको छ ।

**ङ.) शोधपत्रको रुपरेखा**

कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकमा कविता, कथा, संवाद र निबन्ध बिधा निर्माणका लागि विभिन्न नमुना पाठ तयार पार्नका निम्ति प्रस्तुत शोध-पत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदहरूलाई विभिन्न शीर्षक - उपशीर्षकमा यसप्रकार छुट्याइएको छ :-

- शोधपत्रको परिचय
- पूर्वकार्यको समिक्षा
- शोध विधि
- निर्माण गरिएका विधाहरु
- निष्कर्ष सुझाव

## अध्याय दुई

### पूर्वकार्यको समीक्षा :-

क) नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा (२०५३) मा प्रकाशित क्षमेरो नेपाली' भाषा पाठ्यपुस्तकमा लेखनाथ पौड्यालद्धारा रचित क्षनैतिक दृष्टान्त' कविता छन्द लयमा साभार क्षमहेन्द्रमाला' कक्षा पाँचको पाठ्यपुस्तकबाट क्षकिसानको रहर' कविता गीति लयमा,माधवप्रसाद घिमिरेद्धारा लिखित क्षनदी' कविता छन्द लयमा , कृष्णप्रसाद पराजुलीद्धारा रचित क्षदेशको माटो'कविता गीति लयमा घट्टराज भट्टराईद्धारा लिखित क्षराष्ट्रिय गौरव' कविता लोक लयमा राखिएका छन् ।

यस कक्षाको भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमद्धारा निर्देशन गरेअनुरुप छन्दलय,लोकलय र गीतिलयका तीन विधा क्षेत्रकै कविता छन । भाषा पाठ्यपुस्तकमा पाँच कविता राखिएका छन् ।

- कक्षा पाँचको भाषा पाठ्यपुस्तकमा लय वाचन सहित पठन, उच्चारण, वाक्यमा प्रयोग, शुद्ध गर, उत्तर भन-लेख, व्याख्या गर, जस्ता अभ्यास सामाग्रीहरु छन् । त्यस्तै कविता लेखनको अभ्यासलाई सिर्जनात्मक अभ्यास विधामा राखिएको छ ।

- कक्षा पाँचको भाषा पाठ्यपुस्तकका लागि पाठ्यक्रमले लोक, नीति/पौराणिक, ऐतिहासिक र आधुनिक गरी ५/६ कथा राख्नु पर्ने निर्देश गरेका छन् । यसै अनुरुप यसमा नीतिपरक 'कर्मको फल' र आखाँको ज्योती, पौराणिक कथा क्षअनौठो प्रश्न' लोककथा क्षसबै भन्दा ठुलो भक्त', नीति कथा क्षपश्चाताप' आदि कथा रहेका छन् । उच्चारण कथा, वाचन, वाक्यमा प्रयोग, शुद्ध गर , शब्द र अर्थको जोडा

मिलाऊ, उत्तर भन-लेख, चित्रहेरी कथा बनाऊ, कसले कसलाई भनेको हो जस्ता अभ्यास सामाग्रीहरु कथा विधामा राखिएका छन् । सृजनात्मक अभ्यासमा तलको चित्र हेरी सानो कथा बनाऊ जस्ता अभ्यास राखिएका छन् ।

- कक्षा पाँचको भाषा पाठ्यपुस्तकका लागि पाठ्यक्रमले सामाजिक/साँस्कृतिक, प्राकृतिक/वातावरणीय र कलात्मक, वैज्ञानिक/प्राविधिक वा निबन्ध राख्नु पर्ने निर्देशन गरेका छन् । जसअनुसार यस कक्षामा कामको महिमा सामाजिक, हाम्रो यात्रा प्राकृतिक वातावरणीय, प्रेरणा सांस्कृतिक सामाजिक, साथीलाई चिठ्ठी र विरामी विदाको निवेदन कलात्मक, नर्सको जीवनीबाट सिक्नु पर्ने कुरा सामाजिक सांस्कृतिक, किताब कसरी बन्छ ? वैज्ञानिक प्राविधिक र व्यवसायिक आदि राखिएका छन् । यी प्रवन्धमा उच्चारण ,स-स्वर वाचन शब्दार्थ, सच्याएर सार, वाक्यमा प्रयोग गर, उत्तर भन-लेख, जस्ता अभ्यास सामाग्रीहरु राखिएका छन् । यी प्रवन्ध विधामा सृजनात्मक अभ्यासका रुपमा एक अनुच्छेद लेख्न लगाउने जस्ता अभ्यास सामाग्रीहरु राखिएका छन् ।
- कक्षा पाँचको भाषा पाठ्यपुस्तकमा संवाद विधाका लागि पाठ्यक्रमले दुई व्यक्ति बीचको अन्तरक्रिया वा कुराकानीलाई राख्ने निर्देशन गरेका छन् । जस अनुसार समय, वाल दिवस, रिसको औषधी परीक्षाको तयारी जस्ता संवादहरु राखिएका छन् । यसमा उच्चारण, शब्दार्थ, शुद्ध गर, वाक्यमा प्रयोग गर, खाली ठाउँ भर, क्रम मिलाएर लेख, उत्तर भन वा लेख जस्ता अभ्यास सामाग्रीहरु छन् । आफुले गरेको शैक्षिक भम्रणको आधार मानेर संवाद निर्माण गर्न लगाउने जस्ता सृजनात्मक अभ्यासहरु राखिएका छन् ।

ख) कक्षा पाँचको नेपाली विषयका लागि एलाइड पब्लिकेशन प्रा.लि. काठमाण्डौद्धारा २०६८ सालमा प्रकाशित गरी २०७२ सालमा द्धितीय परिवर्धित संस्करण क्षआधुनिक नेपाली माला नामको पाठ्यपुस्तक रमेश शुभेच्छु, गीता सापकोटा, भरत कुमार साउदको संयुक्त प्रयासबाट लेखन तथा सम्पादन भएको हो ।

- यसमा विद्यार्थीहरूलाई नेपाली भाषाको ज्ञान र सीप सिकाउने खालका विभिन्न पाठहरू दिइएका छन् । ती पाठहरू विविध रचना विधाासँग सम्बन्धित छन् ।
- यसमा कविता, कथा, निबन्ध, जीवनी, संवाद, नाटक, चिठ्ठी, दैनिकी, वादविवाद, निवेदन जस्ता विभिन्न विधाहरू समावेश गरिएका छन् ।
- यस पाठ्यपुस्तकमा पाँचवटा कविता समावेश गरिएका छन् । जसमा छन्दलयमा दुईवटा र गीतिलयमा तीनवटा समावेश गरिएका छन् ।
- कथाहरू तीन क्षेत्रबाट सङ्कलन गरी आधुनिक कथा दुई वटा, नीतिकथा दुईवटा र लोककथा एकवटा गरी पाँचवटा कथा समावेश गरिएका छन् ।
- जीवनीलाई दुई क्षेत्रबाट लिइएका छन् । जसमा साहित्यकारतर्फ एकवटा र प्रेरक व्यक्तित्वबाट एकवटा गरी जम्मा दुईवटा जीवनी राखिएका छन् ।
- प्रवन्ध/निबन्धलाई तीन क्षेत्रबाट साभार गरेका छन् । जसमा प्राकृतिक/वातावरणीय पक्ष समेटिएको एकवटा सामाजिक/साँस्कृतिक पक्ष समेटिएको एक र व्यवसायिक विषयको दुईवटा गरी जम्मा चारवटा प्रबन्ध/निबन्ध राखिएका छन् ।
- रुपक विधातर्फ संवाद,नाटक र वादविवाद एक-एक वटा समावेश गरिएका छन् ।

- चिठ्ठीलाई घरायसी, कार्यालयीय, र दैनिकी गरी एक-एक वटा समावेश गरिएका छन् ।

- यसमा प्रत्येक पाठमा प्रयोग भएको बढीभन्दा बढी शब्दको अर्थ दिइने प्रयास गरिएका  छन् । जसले विद्यार्थीहरू शब्दार्थ बोधको क्षमता बढाउन सहयोग गर्दछन् ।
- यसमा प्रत्येक पाठमा नेपाली भाषाका शब्द र वाक्यको शुद्ध र स्पष्ट उच्चारण (सुनाइ/बोलाइ) गर्न लगाउने र तिनको सुलेखन (लेखाइ) सँग सम्बन्धित अभ्यास पनि दिइएका पाईन्छन् ।
- यसमा मौखिक (सुनाइ/बोलाइ) र लिखित (पढाइ/लेखाइ) भाषिक सीप बढाउने खालका बोध सम्बन्धी अभ्यासहरू प्रशस्त दिइएका पाइन्छन् ।
- यसमा नेपाली भाषाका वर्ण शुद्धि, शब्द शुद्धि, वाक्य शुद्धि र विराम चिन्ह शुद्धिका प्रयोगात्मक अभ्यासहरू पाइन्छन् ।
- व्याकरणात्मक अभ्यास भाषा पाठ्यपुस्तकसँग आवद्ध गरी आगमन विधिबाट  प्रस्तुत गरिएका छन् ।
- यसमा विद्यार्थीहरूको मौलिक लेखन कौसल बढाउने उद्देश्यले केही पाठहरू अभ्यासका अन्त्यतिर खास गरी निबन्ध लेखन र कथा लेखनका निम्ति मद्दत पुऱ्याउने खालका सिर्जनात्मक अभ्यासहरु प्रयुक्त छन् ।
- यस पाठभित्र दिइएका अभ्यास सरलबाट जटिलतिरको क्रममा रहेको पाईन्छन् ।
- यसमा प्रश्नहरू एक शब्दमा उत्तर भन्ने, उत्तर लेख्ने र एक अनुच्छेदमा उत्तर लेख्ने खालका अभ्यासहरू समावेश गरिएका पाईन्छन् ।

ग) कक्षा पाँचको नेपाली विषयका लागि टेक्सलाइनर पब्लिकेशन प्रा.लि.बागबजार काठमाण्डौद्धारा प्रथम संस्करण २०७१ साल र दोस्रो संस्करण २०७२ सालमा प्रकाशित 'हाम्रो सजिलो नेपाली' नामक पाठ्यपुस्तक गोपीकृष्ण खतिवडा, मदनराज बराल, तिर्थराज भट्टराई, इन्द्रप्रसाद पौडेल र सुर्यप्रकाश अधिकारीको संयुक्त प्रयासबाट लेखन तथा सम्पादन भएको हो।

- यसमा सिकारुहरुलाई नेपाली भाषाको ज्ञान र सीप अभिवृद्धि गर्ने खालका विभिन्न पाठहरु दिइएका छन् ।
- यसमा कविता, गीत, कथा, जीवनी, प्रबन्ध, संवाद, वादविवाद र चिठ्ठी जस्ता विभिन्न विधाहरु समाबेश गरिएका छन् ।
- यस पाठ्यपुस्तकमा चर्चित कविहरुका पाँचवटा कविताहरु समावेश गरेका छन् । जसमा चार वटा छन्द लयमा र एउटा गीति लयमा समावेश गरिएका छन् ।
- कथा आफैमा रोचक विधा पनि हो । यसमा कथाहरु जम्मा पाँच वटा समावेश गरिएका छन् । जसमध्ये सामाजिक कथा दुई वटा, पौराणीक कथा दुई वटा र लोक कथा एउटा गरी पाँच वटा कथा समावेश गरिएका छन् ।
- जीवनी विधा अर्न्तगत प्रेरक व्यक्तिहरुको दुई वटा जीवनी समावेश गरिएका छन् ।
- प्रवन्धलाई तीन क्षेत्रबाट साभार गरिएका छन् । जसमा समसामयिक विषयमा आधारित 'कम्प्यूटर' संस्कृत विषयमा आधारित 'दशैं' र शैक्षिक विषयमा आधारित 'पुस्तकालय' प्रवन्ध समावेश गरिएका छन् ।

- रुपक विधा तर्फ संवाद दुई वटा समावेश गरेका छन् । एउटा वर्तमान समयमा ‘पत्रपत्रिकाको महत्व’ र अर्को ‘पन्छिको अधिकार’ राखिएका छन् ।
- वादविवाद यसै रुपक विधा अन्तर्गत पर्ने वादविवाद पनि एउटा समावेश गरिएको छ । जुन ‘धन भन्दा विद्या ठुलो’ शीर्षक रहेको छ ।
- चिठ्ठी अन्तर्गत ‘प्रधानाध्यापकलाई निबेदन’ एउटा मात्र समावेश गरिएको छ ।
- यस पाठ्यपुस्तकमा प्रत्येक पाठमा शब्दार्थ वाक्य निर्माण, जोडा मिलाउ, ठिक र बेठीक छुट्याउने जस्ता अभ्यासहरु समावेश गरिएका छन्  । जसले विद्यार्थीहरुको चौतर्फी सीपको विकास गराउन सहयोग पुऱ्याउछन् ।
- यसमा श्रुति लेखन सम्बन्धी अभ्यासहरु पनि राखिएका छन् ।
- यसमा नेपाली भाषाका वर्ण शुद्धि, शब्द शुद्धि, वाक्य शुद्धि र विराम शुद्धिका प्रयोगात्मक अभ्यासहरु भेटिन्छन् ।
- व्याकरणात्मक अभ्यास भाषा पाठ्यपुस्तकसँग आवद्ध गरी आगमन विधिबाट प्रस्तुत गरिएका छन् ।
- यसमा प्रबन्ध कथा लेखन, एक अनुच्छेद लेखन जस्ता सम्बन्धित सृजनात्मक अभ्यासका साथै प्रायोगिक अभ्यास कार्य पनि समावेश गरिएका छन् ।
- यसमा दिइएको अभ्यास सरलबाट जटिलतिरको क्रममा रहेको पाईन्छ ।

घ). कक्षा पाँचको नेपाली विषयका लागि अल्फाबेट बुक्स प्रा.लि.काठमाण्डौ नेपालद्धारा पहिलो संस्करण २०७१ सालमा प्रकाशित ‘अल्फाबेट नेपाली

पाँच' नामक पाठ्यपुस्तक गोमा पाण्डे (गरिमा) द्धारा लेखन तथा प्रा.डा. रामचन्द्र लम्सालद्धारा सम्पादन भएको हो ।

- यसमा कविता, कथा, प्रबन्ध, जीवनी, संवाद र चिठ्ठी जस्ता विधाहरु प्रयुक्त छन् ।
- यस विविध विधाहरुमा समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बीच सन्तुलन भाषाको समसामायिक प्रयोग, स्तर अनुरुपता, रुचिपूर्णता आदि पक्षलाई ध्यान दिइएको देखिन्छ ।
- यसमा प्रयुक्त पाँच वटा कविताहरु मध्ये छन्दलय, लोकलय र गीतिलय तीनै क्षेत्रकै कविता समावेश गरी राखिएका छन् ।
- यसमा तीन वटा कथा समावेश गरीएका छन् । जुन पौराणीक कथा एक, लोक कथा एक र चित्रकथा एक गरी तीनवटा समावेश गरिएका छन् ।
- प्रबन्धलाई तीन क्षेत्रमा साभार गरेका छन् । जसमा शैक्षिक विषयमा आधारित एक, प्राकृतिक वातावरणीय विषयमा आधारित एक र संस्कृत पक्षलाई समेटिएको एक गरी तीनवटा प्रबन्धहरु समेटिएका छन् ।
- जीवनी प्रेरक व्यक्तित्वबाट एउटा मात्र समावेश गरिएको छ ।
- रुपक विधा तर्फ संवाद एउटा मात्र राखिएको छ ।
- चिठ्ठी एउटा मात्र समावेश गरिएको छ ।

- यसमा प्रत्येक पाठमा नेपाली भाषाका शब्द वाक्यको शुद्ध र स्पष्ट उच्चारण सुनाइ, बोलाइ गर्न लगाउने तिनको श्रुतिलेखनका लागि लेखाइसँग सम्बन्धित प्रशस्त अभ्यासहरु दिइएका पाईन्छन् ।

- यसमा भाषाका चारै सीप तिखार्ने बढाउने खालका अभ्यासहरु धेरै मात्रमा दिइएको पाईन्छ ।
- यसमा व्याकरणात्मक अभ्यास भाषा पाठ्यपुस्तकसँग आवद्ध गरी आगमन विधिबाट प्रस्तुत गरिएका छन् ।
- यसमा विधार्थीको मौलिक लेखन सीप बढाउने उद्देश्यले केही पाठहरुमा अभ्यासको अन्त्यतिर कविता, कथा, प्रबन्ध लेखनका निम्ति सहयोग पुऱ्याउने खालका सृजनात्मक अभ्यासहरु राखिएका छन् ।
- यस पाठ भित्र दिइएका अभ्यासहरु सरलबाट जटिलतिरको क्रममा रहेको पाईन्छ ।

ङ) कक्षा पाँचको नेपाली विषयका लागि युनिक एजुकेशनल पब्लिसर्स प्रा. लि. मित्रपार्क काठमाण्डौद्धारा पहिलो संस्करण २०६६ सालमा प्रकाशित गरी २०७१ सालमा परिमार्जित र २०७२ सालमा पुनः मुद्रण नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्धारा स्वीकृत पाठ्यपुस्तक 'युनिक रचनात्मक नेपाली वाणी -५' नामक पाठ्यपुस्तक डा. शैलेन्दुप्रकाश नेपाल, डा. विष्णुकुमार खत्री, कृष्णप्रसाद नेपाल र यमनाथ चौलागाईको संयुक्त प्रयासबाट लेखन तथा सम्पादन भएको हो ।

- यसमा विधार्थीहरुलाई नेपाली भाषाको ज्ञान र सीप सिकाउने खालका विभिन्न पाठहरु दिइएका छन् । ती पाठहरु विविध रचना विधासँग सम्बन्धित छन् ।
- यसमा कविता, कथा, निबन्ध, जीवनी, नाटक, चिठ्ठी, वादविवाद, निवेदन जस्ता विभिन्न विधाहरु समावेश गरिएका छन् ।

- यस पाठ्यपुस्तकमा पाँचवटा कविता समावेश गरिएका छन् । जसमा छन्दलयमा दुई वटा र गीतिलयमा तीनवटा समावेश गरिएका छन् ।
- यस पाठ्यपुस्तकमा दुईवटा कथा पौराणिक, ऐतिहासिक एक र दुई नितिपरक कथा गरी पाँचवटा कथा समावेश गरिएका छन्।
- यसमा तीनवटा निबन्ध मध्ये एक प्राकृतिक वातावरणीय, एक सामाजिक सांस्कृतिक र एक वैज्ञानिक प्राविधिक रहेको पाईन्छ ।
- जीवनी विधा अन्तर्गत दुईवटा साहित्यकार एक प्रेरक व्यक्तित्व र अर्को वैज्ञानिक गरी चारवटा जीवनी समावेश गरिएका छन् ।
- रुपक विधा अन्तर्गत एक वादविवाद, एक नाटक गरी दुईवटा समावेश गरिएका छन् ।
- चिट्ठी विधा अन्तर्गत एक निवेदन राखिएको छ ।
- यसमा पाठचयन, पाठलेखन, भाषशैली, वर्ण विन्यास, चित्र संयोजन अभ्यास निर्माण आदि पक्ष स्तर अनुकूल रहेको पाईन्छ ।
- यसमा पाठ चयन गर्दा आकार र लम्बाई पनि ख्याल गरीएको पाईन्छ ।
- यसमा एक वाक्यमा उत्तर आउने संक्षिप्त उत्तर लेख्न सक्ने प्रश्नहरु समावेश गरिएको देखिन्छ ।
- यसमा सुनाइ-बोलाइ र पढाइ-लेखाइ जस्ता भाषिक सीप बृद्धि गर्ने खालका बोध र अभिव्यिक्तिगत अभ्यासहरु प्रशस्त दिएका छन् ।

- यसमा व्याकरणात्मक अभ्यास भाषा पाठ्यपुस्तकसँग आबद्ध गरी आगामन विधिबाट शिक्षण गर्ने प्रकृया अवलम्बन गरिएको छ ।
- यसमा सृजनात्मक अभ्यासहरु पनि प्रशस्त दिएका छन् । जसमा निबन्ध लेखन, कथा लेखन, अनुच्छेद लेखन जस्ता अभ्यासहरु समावेश गरीएका छन् ।
- यसमा दिइएका अभ्यासहरु सरलबाट जटिलतिरको क्रममा राखिएको पाईन्छ ।

च). कक्षा पाँचको नेपाली विषयका लागि गिनिज पब्लिकेशन प्रा.लि. काठमाडौँद्वारा पहिलो संस्करण २०७१ 'सरल नेपाली माला' नामक भाषा पाठ्यपुस्तक डा.शैलेन्दुप्रकाश नेपाल, डा.विष्णुकुमार खत्री, कृष्णप्रसाद नेपाल र यमनाथ चौलागाईको संयुक्त प्रयासबाट लेखन तथा सम्पाद भएको हो ।

- यसमा विद्यार्थीहरूको स्तरअनुरुप विषयगत विधा, अभ्यासहरू सन्तुलित रुपमा रहेको देखिन्छ ।
- यसमा कविता, कथा, निबन्ध,जीवनी, रुपक र चिठ्ठी जस्ता विधाहरू प्राथमिक तहको पाठ्यक्रमको उद्देश्यअनुरुप समावेश गरिएका पाईन्छन् ।
- यसमा पाँचवटा कविताहरू छन्दलय र गीतिलयमा लेखिएका पाईन्छन् ।
- यसमा समावेश पाँचवटा कथाहरू बकुल्लो (पौराणिक) चोर सामातियो (बङगलादेश लोककथा) पुतली र लामखुट्टे (चित्र कथा), बसन्त कसरी गाउँछ ? (आधुनिक कथा), एक खुट्टेको शहर यात्रा (लोक कथा) रहेको पाईन्छ ।
- यसमा तीनवटा निबन्ध मध्ये टेलिभिजन (वैज्ञानिक/प्राविधिक), घरपालुवा जनावर, मेरो देश (वातावरणीय/प्राकृतिक) रहेको पाईन्छन् ।

- जीवनीलाई तीन क्षेत्रबाट लिइएको छ जसमा गायन सम्बन्धी एक, साहित्यकार सम्बन्धी एक र प्रेरक व्यक्तित्वतर्फ एक गरी तीनवटा जीवनी परेको देखिन्छ ।
- रुपक विधातर्फ संवाद एक र वादविवाद एक समावेश गरिएका पाईन्छन् ।
- चिठ्ठीमा घरायसी चिठ्ठी एकवटा समावेश गरिएको छ ।
- यसमा पाठहरु स-साना बनाउने प्रयास गरिएको देखिन्छ ।
- पाठ रचना गर्दा विद्यार्थीहरुको मनोविज्ञान, स्तर क्षमता र परिवेशका साथै विषय वस्तु, विधागत प्रस्तुति, शब्द भण्डार, वाक्य गठन र पाठको लम्वाई आदिलाई समेत ख्याल गरिएको पाईन्छ ।
- यसमा सुनाइ/ बोलाइ र पढाइ/लेखाइ जस्ता भाषिक सीप वृद्धि गर्ने खालका बोध र अभिव्यक्तिगत अभ्यासहरु प्रशस्त दिएका पाईन्छन् ।
- यसमा छोटो उत्तर भन्ने र लेख्ने खालका प्रश्नहरु समावेश गरिएको पाईन्छ ।
- यसमा व्याकरणात्मक अभ्यास भाषा पाठ्पुस्तकसँग आवद्ध गरी आगमन विधिबाट शिक्षण गर्ने प्रक्रिया अवलम्वन गरिएका हुन्छन् ।
- यसमा निवन्ध/ प्रवन्ध, कथा लेखन र एक अनुच्छेद लेखन जस्ता सम्बन्धित सृजनात्मक अभ्यासका साथै प्रायोगिक अभ्यास कार्य पनि राखिएको पाईन्छ ।
- यसमा दिइएको अभ्यास सरलबाट जटिलतिरको क्रममा रहेको पाईन्छ ।

छ). कक्षा पाँचको नेपाली विषयका लागि क्याम्ब्रिज पब्लिकेशन प्रा.लि. कालीमाटी-१३, काठमाण्डौद्धारा पहिलो संस्करण २०६७ सालमा प्रकाशित क्षक्याम्ब्रिज सुनौलो नेपाली नामक पाठ्यपुस्तक प्रा.डा.रामचन्द्र लम्साल, सह प्रा. ऋषिराम शर्मा ,रामप्रसाद ज्ञवाली र लालमणी (बलदेव) पन्थीद्धारा लेखन तथा सम्पादन भएको हो ।

- यसमा कविता, कथा, निबन्ध/प्रबन्ध , जीवनी, संवाद र चिट्ठी जस्ता विधाहरु प्रयुक्त छन् ।
- यसमा विविध विधाहरु समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बीच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तर अनुरुपता, रुचिपूर्णता आदि पक्षलाई ध्यान दिइएको देखिन्छ ।
- यसमा प्रयुक्त पाँच वटा कविताहरु मध्ये चार वटा छन्द लय र एक वटा गीति लयमा लेखिएको पाईन्छ ।
- यस पाठ्यपुस्तकमा तीनवटा कथा मध्ये पौराणिक/ऐतिहासिक एक, लोककथा एक र नीतिपरक कथा एक रहेका पाईन्छन् ।
- यसमा समावेश गरिएका पाँच वटा निबन्ध/प्रबन्ध मध्ये तीनवटा प्राकृतिक/वातावरणीय र एक वटा सामाजिक/सांस्कृतिक र एकवटा वैज्ञानिक/प्राविधिक रहेको पाईन्छ ।
- जीवनी विधा अन्तर्गत प्रेरक व्यक्तित्व एक र भुगोलविद(वैज्ञानिक) एक गरी दुईवटा समावेश गरिएको पाईन्छ ।
- रुपक विधा अर्न्तगत एक संवाद, एक वादविवाद गरी जम्मा दुईवटा रहेको पाईन्छ ।
- चिट्ठी विधा अर्न्तगत घरायसी एक र एक निवेदन रहेको पाईन्छ ।
- यसमा पाठचयन, पाठलेखन, भाषाशैली विन्यास, चित्रसंयोजन, अभ्यास निर्माण आदि पक्ष स्तर अनुकुल रहेको पाईन्छ ।

- यसमा पाठचयन गर्दा पाठको लम्बाईलाई पनि ख्याल गरिएको पाईन्छ ।
- यसमा एक वाक्यमा उत्तर आउने, संक्षिप्त उत्तर लेख्न सक्ने प्रश्नहरु समावेश गरिएको देखिन्छ ।

- यसमा सुनाइ/बोलाइ र पढाइ/लेखाइ जस्ता भाषिक सीप अभिवृद्धि गर्ने खालका बोध र अभिव्यक्तिगत अभ्यासहरु प्रशस्त दिइएको पाईन्छ ।
- यसमा प्रश्नहरु अति छोटो र छोटो उत्तर आउने खालका राखिएको पाईन्छ ।
- यसमा व्याकरणात्मक अभ्यास भाषापाठ्यपुस्तकसँग आवद्ध गरी आगमन विधिबाट शिक्षण गर्ने प्रक्रिया अवलम्वन गरेको पाईन्छ ।
- पाठको अभ्यास खण्डमा सिर्जनात्मक एवं प्रायोगिक अभ्यासलाई प्रश्रय दिएको पाईन्छ ।
- यस पाठ्यपुस्तकमा छ/सात पाठहरुको निचोडलाई पुनः मूल्यांकनात्मक अभ्यास-१ भनेर पनि दिएका पाईन्छन् ।
- यसमा दिइएको अभ्यासको सिलसिला सरल-जटिल क्रममा रहेको पाईन्छ ।

पाठ्यक्रमले निर्दिष्ट गरेको विधा र क्षेत्र अनुसार विभिन्न सरकारी, गैरसरकारी तथा निजी प्रकाशक संस्थाले भाषा पाठयपुस्तक प्रकाशित गरेका छन् । तथापि हालसम्म कक्षा पाँचका लागि अनुसन्धानलाई नै ग्राहयता दिदै नमुना पाठ्यसामाग्री तयार पारिएको देखिन्न ।

# अध्याय तीन

## ३. शोधविधि

### क सामग्री संकलन विधि

प्रस्तुत शोध-पत्रको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित संकलन पुस्तकालयीय विधिबाट गरिएकोछ । विधा निर्माणको प्रयोजनका लागि कक्षा पाँच मा अध्ययनरत विद्यार्थीहरुमा यसको प्रयोग गरिएको छ ।

### ख विश्लेषण विधि / लेखन विधि

- सर्वप्रथम उपर्युक्त कक्षाको भाषा पाठ्यपुस्तको लागि कविता, कथा, संवाद र निवन्ध विधाको निर्माण गरी पाठ्यसामग्री छनोट गरिएको छ ।
- छनोट गरिएका पाठ्यसामाग्रीको सम्वन्धित कक्षाका विद्यार्थीहरुमा पूर्व परीक्षण गरिएको छ ।
- पूर्व परीक्षण पश्चात सम्वन्धित विषय विशेषज्ञहरुको सल्ला र सुझाव सङ्कलन गरिएको छ ।
- विषय विज्ञहरुको मार्गनिर्देशन अनुसार नमुना पाठ्यसामाग्रीको संशोधन गरिएको छ ।
- संशोधित नमुना पाठ्यसामाग्रीलाई परीक्षणको क्रममा पुनः कक्षाकोठामा प्रयोग गरिएको छ ।

### ग भाषा पाठ्य पुस्तक तयार पार्ने सैद्धान्तिक आधार

भाषा पाठयक्रमका उद्देश्यहरु पुरा गराउने उद्देश्यले तयार गरिएका एक आधिकारिक शैक्षिक सामाग्री नै भाषा पाठयपुस्तक हुन् । सरोकारका विषयका रुपमा पाठ्यक्रमको उद्देश्य अनुरुप लेखिएका वा तयार पारिएका हुन्छन् । भाषा पाठ्यपुस्तकको निर्माण सिकारुलाई विषय वस्तुको माध्यमबाट भाषिक सीपको विकास गराउने उद्देश्यले तयार पारिएको हुदाँ यसलाई

सिकाइको महत्वपूर्ण सामाग्रीका रुपमा लिन सकिन्छ । यसको सहयोगबाट विद्यार्थीहरु सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरुप भाषिक पाठ्यांशहरुलाई विद्यार्थीको स्तर, अनुभव र सिकाई आवश्यकताहरु ख्याल गरी सङगठित गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकको मुल उद्देश्य पूर्ति गर्न के पढ्ने ? कति पढ्ने ? कस्तो अभ्यास गरेर पढ्ने ? कुन अनुक्रममा पढ्ने ? आदि कुराहरुमा मध्यनजर गरेर भाषा पाठ्यपुस्तक तयार गरिएका हुन्छन् । साथै विद्यार्थीहरुलाई मात्रै नभएर भाषा शिक्षकलाई समेत यसले के पढाउने ? कति पढाउने ? कसरी पढाउने ? कुन क्रममा पढाउने ? र के कस्ता भाषिक अभ्यास गराउने ? भन्ने कुराको महत्वपूर्ण सोच र आधार प्रदान गर्दछ । भाषा पाठ्यपुस्तक कै सहयोगबाट शिक्षकले आफ्ना सिकाईलाई के कसरी धेरै भन्दा धेरै सिकाई उपलब्धि हासिल गराउन सकिन्छ भनी आवश्यक शिक्षण योजना बनाई सोही मार्गमा शिक्षण गर्न सक्दछन् । अतः शिक्षार्थी, शिक्षक, पाठ्यक्रम विशेषज्ञ, सवैको लागि महत्वपूर्ण शैक्षिक सामाग्रीका रुपमा पाठ्यपुस्तकलाई स्वीकार्न सकिन्छ ।

भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरुलाई व्यावहारिक प्रक्रियामा ढालेर सिकाईका उद्देश्य पूर्ति गर्ने अत्यन्त महत्वपूर्ण शैक्षिक सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीहरुको चौतर्फी ज्ञानलाई ध्यानमा राखी तयार पारिएको हुन्छ । जस्तैः- संवेगात्मक, बौद्धिक शारीरिक र सामाजिक । अझ भन्नु पर्दा उनीहरुको रुचि आवश्यकता, तथा सिकाई प्रवृति समेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाई अनुक्रममा बाँधि तयार गरिएको हुन्छ । यसले विद्यार्थीहरुलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन तथा स्वाध्ययन गरेर सिक्न समेत महत्वपूर्ण सघाउ पुऱ्याउँदछ ।

**परिभाषा :**

पाठ्यपुस्तक सम्वन्धि केही परिभाषाहरु तल उल्लेख गरिएका छन् :-

"विद्यालय एवम् विद्यापीठहरुमा विद्यार्थीहरुलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो ।" - बृहत् नेपाली शब्दकोष २०५२

"कुनै विषयका सिद्धान्तहरुमा शिक्षण प्रदान गर्ने खासगरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तक नै पाठ्यपुस्तक हो । " - बेब्स्टर्स् न्यू वर्ल्ड डिक्सनरी १९७२

"कुनै पाठ्यांशका विभिन्न एकाइहरुको शिक्षण सिकाई क्रमवद्ध रुपमा हुन सकोस भन्ने उद्देश्यले पाठ्यपुस्तकको रचना गरिन्छ ।" क्रोन वाक

उपयुक्त परिभाषा र सामान्यीकरणका आलोकमा भाषा पाठ्यपुस्तकका परिभाषालाई पनि खोज्न र नियाल्न सकिन्छ ।

भाषा पाठ्यपुस्तकको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलतई विद्यार्थी अनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध एवम् व्यवस्थित ढङ्गले भाषिक सीप र संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुलाई सङ्गठित गरी अध्ययन, अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको ग्राह्य सामग्री नै भाषा पाठ्यपुस्तक हो ।

भाषा पाठ्यपुस्तकका सहयोगले शिक्षकले योजनावद्ध भाषा शिक्षण गर्दछन् । उपयुक्त शिक्षण विधि छनोट गरेर शिक्षण गर्दछन् । विद्यार्थीहरुलाई उपयुक्त अभ्यास गराउँदछन् र शिक्षण सिकाई उपलब्धिको मूल्याङ्कन गर्दछन् । उक्त विद्यार्थीहरु पनि भाषा पाठ्यपुस्तक कै सहयोगले भाषिक सीपहरु सिक्दछन्, अभ्यास गर्दछन, दोहोऱ्याई दोहोऱ्याई पढ्छन्, गृहकार्य गर्दछन् र भाषिक सफलता हासिल गर्दछन् । त्यसैले भाषा पाठ्यपुस्तकलाई

भाषाशिक्षण सिकाइको एक भरपर्दो र व्यवस्थित पाठ्य सामाग्रीका रुपमा परिभाषित गर्न सकिन्छ ।

**ग.अ) भाषा पाठ्यपुस्तकको प्रकृति**

पाठ्यपुस्तक विषय अनुरुप विभिन्न प्रकृतिका हुने कुरालाई कसैले पनि नकार्न सकिदैन किन भने भाषा पाठ्यपुस्तक एउटा त्यस्तो पुस्तक हो जसमा साहित्य र साहित्यत्तर दुवै सामाग्रीलाई संयोजन गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तकको प्रयोग गर्दा ज्ञानात्मक पक्षलाई विशेष जोड दिनुपर्दछ । अतः हरेक कक्षाका विद्यार्थीहरुको सिकाई क्षमता तथा आवश्यकता अनुरुप प्रयुक्त भाषा विषयवस्तु प्रस्तुतिकरणलाई ध्यानमा राखी पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । यसमा विषयवस्तु, भाषिक संरचना तथा शैलीको दृष्टिले विविधता र नवीनता हुनुपर्दछ । तसर्थ पाठ्यपुस्तकमा नमुना लायक पाठ्यसामाग्री र अभ्यासको सरल ढङ्गले समावेश भएको हुनुपर्दछ । यसमा प्रस्तुत गरिने पाठ्य सामग्रीहरु सिकाईको मौलिक र सिर्जनात्मक क्षमताको विकास गर्ने दृष्टिले राखिएको हुनुपर्दछ । भाषिक सीप विकास गर्ने उद्देश्यले राखिएको अभ्यासहरु मूल पाठसँग सम्वन्धित स्पष्ट हुनुका साथै सैद्धान्तिक नभई व्यवहारिक हुनु राम्रो ठानिन्छ ।

यसलाई निम्नानुसार उल्लेख गरिएका छन् :-

- भाषा पाठ्यपुस्तकमा भाषिक प्रयोजन अनुरुपका विषयवस्तु र पाठ्य वस्तुहरु राखिएका हुन्छन् ।
- भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्य वस्तु रहेको हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा विषयवस्तुलाई भाषा सिक्ने माध्यमका रुपमा मात्र ग्रहण गरिएको हुन्छ ।
- भाषा पाठ्यपुस्तकमा विविध विषय क्षेत्रका विषयवस्तुलाई भाषा सिक्ने माध्यमका रुपमा लिई सतही रुपले मात्र प्रस्तुत गरिएको हुन्छ ।

- भाषा पाठ्यपुस्तकको प्रस्तुति ढाँचा वस्तुपरक, आत्मपरक, भावात्मक, साहित्यिक साहित्येत्तर तथा बहुविधात्मक (निवन्ध, प्रवन्ध, जीवनी, कथा, कविता, रुपक, रचना आदि ) किसिमका हुन्छन् ।
- भाषा पाठ्यपुस्तकमा विविध विषय क्षेत्रका विषय वस्तुलाई भाषा सिक्ने माध्यमका रुपमा लिई सतही रुपले मात्र प्रस्तुत गरिएका हुन्छन् ।
- भाषा पाठ्यपुस्तकहरु पहिचानात्मक वार्षिक र प्रयोगात्मक मात्र नभई अभिनायात्मक विशेषताले पनि उत्प्रेरित हुन्छन् ।
- भाषा पाठ्यपुस्तक ज्ञान परक भन्दा बढी सीपपरक हुने भएकाले सीपगत विविधता अनुरुप अभ्यासात्मक बहुलता र विविधताले सुशज्जित हुन्छन् ।
- भाषिक प्रयोग क्षेत्र असिमित तथा बहुल पथपरक हुने भएकाले विविध किसिमको प्रस्तुति क्रम र ढाँचा पाठ्यपुस्तकले अँगालेका हुन्छन् ।
- व्याकरण भाषाको अभिनय वस्तु भएकाले भाषा पाठ्यपुस्तकमा व्याकरणात्मक विषयवस्तु र अभ्यासलाई प्रस्तुत गरिएका हुन्छन् ।
- भाषा पाठ्यपुस्तकमा वैयत्तिक वा परियोजनपरक, अभिव्यक्ति र सम्प्रेषण सामर्थ्य विकासका लागि प्रत्यक्ष रुपमा सामान्य र विविध विषय क्षेत्रका प्राविधिक, अप्राविविध सबै प्रकारका शब्द भण्डार र संरचना विकासमा जोड दिएका हुन्छन् ।
- भाषा पाठ्यपुस्तकले अलांकारीक एवम विशिष्ट शैलीलाई आत्मासात गरेको हुन्छ ।

भाषा पाठ्यपुस्तकको निर्माण मूलतः सम्बन्धित तह र कक्षाको भाषा पाठ्यपुस्तकको उद्देश्य र निर्देशित विषय वस्तु वा पाठ्यपुस्तकको क्षेत्र र स्व अनुरुप विद्यार्थीहरुको सिकाई ख्याल गरी संवेदपूर्ण ढङगले तयार गरेका हुन्छन् ।

**ग.आ) छनोट र स्तरण**

सामान्यतया भाषा पाठ्यपुस्तकको छनौट भन्नाले शिक्षणीय विषय वस्तुहरु रोज्नु, छान्नु वा निर्धारण गर्नु हो । अर्थात भाषा पाठ्य वस्तु छनौटको अर्थ उद्देश्य अनुसार शिक्षण सिकाई समायाकुल हुने गरी विद्यार्थीका सिकाई प्रस्तुति र विशेषता अनुरुप पर्ने गरी विभिन्न विधिमा ढालेर सम्बन्धित भाषाका आधारभुत पक्षहरुको अभ्यास गर्न गराउन मिल्ने गरी विभिन्न मूल्यांकन प्रक्रियाका माध्यमले शिक्षण सिकाई प्रक्रिया र समग्र पाठ्यक्रम कै पृष्ठपोषण मिल्ने खाल्का शिक्षणीय विषय वस्तुहरु छान्नु हो । तिनै शिक्षणीय विषय वस्तु नै भाषिक पाठ्य वस्तु हुन्छ । यसको छनौटका लागि विशेष सीप, क्षमता र प्रखर विवेकको प्रयोग गर्नुपर्दछ ।

भाषा पाठ्यपुस्तक तयार पार्दा पाठ्यवस्तु छनौट र स्तरणलाई कहिलै बिर्सन हुदैन । निर्धारित उद्देश्य शिक्षणका लागि प्राप्त समय र विद्यार्थीहरुको तह,उमेर, पृष्ठभूमि,सिकाई प्रवृधि, क्षमता एवम् रुचिपूर्णता, जस्ता शैक्षिक मनोवैज्ञानिक पर्याप्त र अभ्यास मुलक भाषिक पाठ्य सामाग्रीहरु रोज्नु निर्धारण गर्नु वा चयन गर्नुलाई भाषा पाठ्यक्रम निर्माणका क्षेत्रमा छनौट गरिन्छ ।

कुनै पनि पाठ्यपुस्तकको छनौट खास उद्देश्य रहेको हुन्छ । पाठ्यवस्तु छनोटको आधार भनेको सम्बन्धित पाठ्यक्रमको प्रयोजन वा उद्देश्य नै हो । अत; कस्ता उद्देश्य पुरा गर्ने लक्ष्य पाठ्यक्रमले राखेको छ सोही अनुरुप तिनै उद्देश्यको केन्द्रियता र प्रयोजन विना पाठ्यवस्तु छनौटको कल्पना समेत गर्न सक्दैन् र उद्देश्य विपरीतका पाठ्यवस्तु छनोटको कुनै अर्थ पनि रहदैन् । त्यसैले परियोजन वा उद्देश्य भनेको केन्द्रिय तत्व हो जसले पाठ्यवस्तु

छनौटलाई नियन्त्रित गरिएको हुन्छ । त्यसैगरी पाठ्यक्रमको उद्देश्य

कथ्ये

अभिव्यक्ति सीप विकास गर्नु रहेको छ भने लेख्य अभिव्यक्ति सम्बद्ध पाठ्यवस्तुहरु छनौट योग्य हुदैनन् र पठनबोध क्षमताको बृद्धि गर्ने उद्देश्य भए लेख्य रचना सम्बद्ध सामाग्रीहरु छनौट योग्य मानिदैनन् । वस्तुगत पाठ्यक्रमको उद्देश्य प्रयोजन भाषाको कुन पक्षसँग सम्बन्धित छ त्यसै पक्षसँग सम्बद्ध भएर पाठ्यवस्तु वा पाठ्यसामाग्रीको छनोट गर्नुपर्ने हुन्छ । सामान्य प्रयोजन, विशिष्ट प्रयोजन, श्रव्य प्रयोजन, उच्चारण प्रयोजन, लयात्मक प्रयोजन, द्रुतपठन प्रयोजन, गहन पठन प्रयोजन, तार्किक प्रयोजन, सिर्जनात्मक प्रयोजन, शैलीगत प्रयोजन, व्याकरणात्मक प्रयोजन, आदि विविध प्रयोजन अनुसार पाठ्यवस्तुहरु प्रयोजनपरक नियन्त्रणमा बाँधिएर भाषिक पाठ्यवस्तु वा पाठ्यसामाग्रीहरुको छनोट गरिन्छ ।

पाठ्यवस्तुको स्तरण भन्ने वितिकै शिक्षण सिकाईका निम्ति छनोट वा निर्धारित गरिएका कुराहरुलाई अपेक्षित तह वा कक्षाका निम्ति शिक्षण योग्य बनाउन सङ्गठित गर्नु वा स्तरीकृत बनाउनु भन्ने बुझिन्छ । शिक्षणका निम्ति छानिएका वा रोजिएका पाठ्यवस्तुहरु जुनपायो त्यही अन्धाधुन्ध वा अव्यवस्थित श्रृङ्खलामा राखेर सिकाउने प्रयत्न गरेमा त्यसको प्रतिफल सकरात्मक हुन सक्दैन ।

कुनै पनि कुरा सिक्नु र सिकाउनुको एउटा निश्चित क्रम हुन्छ र त्यो शिक्षण सिकाइको मनोवैज्ञानिक प्रक्रिया र प्रवृत्ति अनुरुप सरलदेखि जटिल, ज्ञात देखि अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष, मूर्तबाट अमूर्त, नियमितबाट अनियमित तथा सामान्यबाट विशिष्टको अनुक्रममा बाँधिएको हुन्छ । यसरी स्तरण भनेको शिक्षण सिकाइका निम्ति उद्देश्यानुसार छनोट गरिएका पाठ्यवस्तुलाई सुनिश्चित एवम् सुव्यवस्थित अनुक्रममा बाँधेर प्रस्तुत गर्नु हो ।

भाषा पाठ्यक्रमका सन्दर्भमा पनि उद्देश्यअनुसार समय सिमा र विद्यार्थीहरुका तह र स्तर अनुरुप छ्नोट गरिएका विषयवस्तु वा पाठ्यवस्तुहरुलाई प्रभावकारी एवम् व्यवस्थित अनुक्रममा प्रस्तुत गरेर

शिक्षण सिकाइ योग्य बनाइने प्रायोगिक कार्यलाई स्तरण भनिन्छ । भाषिक पाठ्यवस्तु छनोटले मात्र उक्त सामाग्रीहरु शिक्षण योग्य हुन सक्छन भन्ने ठानिनु हुदैन । पाठ्यवस्तुको अन्तर सम्बन्ध पहिचान गरी आधारभुत कुरालाई पहिले र अन्य कुराहरुलाई क्रमश सरलदेखि जटिलताको क्रममा ढालेर पहिले सिकेका कुरा पछि सिक्ने कुरालाई पृष्ठभूमिको काम गर्न सक्ने गरी सङ्गठित गर्नुपर्ने हुन्छ । छनोट गरिएका भाषिक पाठ्यवस्तुलाई व्यवस्थित तरिकाले सिकाउदा मात्र पाठ्यक्रमले तय गरेका उद्देश्यहरु पूरा हुने गर्दछन् ।

निष्कर्षमा भाषा पाठ्यक्रमका उद्देश्यहरु परिपूर्तिका लागि नै भाषा पाठ्यपुस्तकको निर्मा‌ा गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकले पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरु  प्राप्तिका लागि विद्यार्थी र शिक्षक दुवैलाई मार्गदर्शन गर्दछ । यस भित्र कुन उद्देश्यले कुन विधा वा विषयको कति भाग ? कति समय भित्र ? कसरी सिकाउन सकिन्छ ? आदि जस्ता कुराहरुलाई मनन् गरी विद्यार्थीको स्तर, तह, उमरे, औचित्य ,आवश्यकता, रुचि आदि अनुकूल सुहाँउदो र बुझिदो  ढङ्गबाट भाषा पाठ्यपुस्तकको निर्माण गरिएका हुन्छन् ।

## अध्याय चार

### हाम्रो झन्डा

*-दैवज्ञराज न्यौपने*

आधा भाग घामसित आधा जूनसित
कति राम्रो हाम्रो झन्डा सूर्य-चन्द्राङ्कित ।



त्रिकोणमा निलो घेरा रातो भूइँमाथि
सेता सूर्य तल राखी सेता चन्द्रमाथि ।
हाम्रो झन्डा बनेको छ सूर्य-चन्द्राङ्कित
नेपालको गौरव यो नेपालीको जीत ॥

पूर्खा हाम्रा वीर थिए विश्वासका धनी
विजयको चिह्न यौटा राखौँ हाम्रो भनी ।
यही झन्डा राखे उनले राख्न योग्य माथि
उठाउँदै हिँडछौँ हामी अझै माथि-माथि ॥

शान्ति दिन्छन् सूर्य कान्ति दिन्छन् जून
हामी आयौँ संसारलाई राम्रा कुरा दिन ।
मित्रसँग गाथा गरी शत्रुसँग सेखी
हाम्रो झन्डा हाँसिरैछ युगौँ-युगदेखि ॥

**अभ्यास**

**१. शिक्षकको सहयोग लिई 'हाम्रो झन्डा' कविता भाका हालेर गाउनुहोस् ।**

**२. तल दिइएका शब्दहरुलाई शुद्धसँग पढ्नुहोस् ।**

त्रिकोण, कान्ति, झन्डा, सूर्य, शत्रु, योग्य

**३. तलका शब्दहरुको मिल्दो अर्थ छानेर जोडा मिलाउनुहोस् :-**

| शब्द | अर्थ |
|---|---|
| सूर्य-चन्द्राङकित | तिनवटा कोण भएको |
| गौरव | प्रकाश |
| त्रिकोण | दुश्मन |
| योग्य | महत्व महिमा |
| कान्ति | आफ्ना पुर्वजहरु, बाबुबाजे |
| सेखी | सूर्य र चन्द्र आङिकत भएको |
| शत्रु | उपयुक्त |
| पूर्खा | घमण्ड |

**४. पढ र बुझ**

त्रिकोणमा निलो घेरा रातो भुईंमाथी सेता सूर्य तल राखी सेता चन्द्रमाथि
हाम्रो झण्डा बनेको छ सूर्यचन्द्राङिकत नेपालको गौरव यो नेपालीको जित ।

**५. सच्याएर कापीमा सार :-**

सुरय, चन्द्रमाथी, जुन, त्रीकोन, सतरु

**६. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) हाम्रो राष्ट्रिय झन्डामा कुन-कुन चिन्ह प्रयोग भएका छन् ?

ख) हाम्रो राष्ट्रिय झन्डा कुन-कुन रङ्ग मिलेर बनेको छ ?

ग) हाम्रा पूर्खा कस्ता थिए ?

घ) सूर्य र चन्द्रले के-के दिन्छन् ?

ङ) हामी आयौं संसारलाई के दिन?

**७. मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :-**

युगौयुगदेखि, वीर, निलो, चन्द्र र सूर्य, रातो

क) हाम्रो राष्ट्रिय झन्डामा......................चिन्ह अङ्कित छन् ।

ख) पूर्खा हाम्रा .......................थिए ।

ग) हाम्रो राष्ट्रिय झन्डा ..........................रङ्गको छ ।

घ) हाम्रो राष्ट्रिय झन्डाको घेरा........................छ ।

ङ) हाम्रो झन्डा..........................हाँसिरहेछ ।

**८. तलका शब्दलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

झन्डा, सूर्य, पुर्खा, त्रिकोण, निलो

**९. कविताका हरफ पुरा गर्नुहोस् ।**

शान्ति दिन्छन सूर्य................................

..................................राम्रा कुरा दिन ।

मित्रसँग गाथा गरी................................

....................................युगौ युगदेखि ॥

**१०. तल दिइएको शब्दहरुको विपरीतार्थी शब्द लेख ।**

धनी, जीत, आधा, माथि, शुत्र, शान्ति

**११. तलका हरफहरुको अर्थ लेख ।**

पुर्खा हाम्रा वीर थिए विश्वासका धनी

विजयको चिन्ह यौटा राखौं हाम्रो भनी ।
यही झन्डा राखे उनले राख्न योग्य माथि
उठाउँदै हिड्छौ हामी अझै माथि-माथि ॥

**१२. ठिक बेठिक छुट्याउनुहोस् ।**

क) हाम्रो झन्डा कविता दैवज्ञाराज न्यौपानेले लेखेका हुन् । (....................)

ख) हाम्रो झन्डाको भुइ निलो छ । (.....................)

ग) जुनले शान्ति घामले कान्ति दिन्छन् । (..............)

घ) हाम्रो झन्डाको घेरा निलो छ । (................)

ङ) हामी आयौ संसारलाई राम्रो कुरा दिन । (................)

**१३. हाम्रो झन्डा पाठबाट ह्रस्व, उकार लागेका शब्दहरु छानेर लेख ।**

**१४. 'हाम्रो झन्डा' कविताको मुख्य भाव लेख्नुहोस् ।**

## चिरबिरे भँगेरी

**- रमेश विकल**



एउटा सानी चिरबिरे भँगेरी थिई । ऊ भर्खरै अन्डाबाट निस्केकी थिई । उसका तिन चार ओटा दिदीभाइ पनि थिए । अरु सबै शान्त र ज्ञानी थिए । ऊ चाहिँ चञ्चली र चिरबिरे थिई । बचेराहरुलाई आमाले चारो ल्याएर ख्वाउँथी । आमाले चारो ल्याएको चाल पाएपछि सबै बचेरा च्याँच्याँ र चीँचीँ गर्दै गुँडको छेऊमा आएर मुख बाएर बस्थे । आमाको चुच्चामा किरा फट्याङग्रा र अन्न हुन्थे । उनीहरु रमाइ रमाइ चारो खान्थे ।

आमाले सबैको मुखमा पालैपालो चारो हालिदिएर फेरि अर्को खेप खोज्न जान्थी । बचेराहरु केहिबेरका लागि शान्त भएर गुँडभित्र गएर बस्थे । चिरबिरे चाहिँ गुँडको डिलैमा आएर चारैतिर हेर्न थाल्थी । आँखाले भेटेसम्म फैलिएको निलो र खुला आकाशमा किसिम किसिमका बादलका बुट्टाहरु पौडिरहेका हुन्थे ।बादलका बिचमा चिलका जोडीहरु आनन्दसँग कावा खाइरहेका हुन्थे ।

तल धर्तीमा पनि रङ्गीचङ्गी फुलहरु फुलिरहेका हुन्थे । प्रत्येक फुलमा रङ्गीचङगी पुतलीहरु घुमिरहेका हुन्थे । यी सबै दृश्य देखेर उसलाई पनि निलो आकाशमा तिनै चरा रपुतलीसँग आनन्द लिएर उड्ने इच्छा हुन्थ्यो । रहरले ऊ आफ्ना साना पखेटाहरु फटफट चलाउन कोसिस गर्थी । बिस्तारै गुँडको किनारातिर घस्रन खोज्थी ।

‘पख् ! तेरा पखेटा अहिले त्यति बलिया भइसकेका छैनन् । तँ उड्न खोजिस् भने पछारिन्छेस । तँलाई अरु ठुला चरा कौवा, चिल, लाटोकोसेराहरुले ठुँगेर मार्छन् । भुइँमा पनि कुकुर बिरालोले भेटे भने चौटा लाम्टा पार्ने छन् । आफ्ना पखेटा बलिया

नभइँ जथाभावी उड्न खोज्नुहुन्न'- आमा भँगेरी सम्झाउँदै भन्थी । तर त्यो चञ्चले, चिरबिरे भँगेर आमाको राम्रो र भलो कुरो पटक्कै मन पराउन्नथी । आमाको अर्तीलाई ऊ बुढापाकाको नचाहिँदो कच कच ठान्थी ।

'यी बुढाबुढीहरु हामीलाई आफूखुसी हिँड्न, बोल्न, उड्न केही गर्न दिँदैनन् । सधैँभरि यसो गर्न पाउन्नस्, उसो गर्न हुन्न भनेर छेकथुन मात्र गर्न खोज्छन् । खालि हुकुम मात्रै चलाउन खोज्छन् ।' -भँगेरी मनमै मुर्मुरिन्थी । आमाले आफ्नै निम्ति भनेको हो भन्ने कुरा ऊ बुझ्दिनथी । ऊ आमाको कुरालाई टेरपुच्छर नलाई आफू खुसी मजासँग आकाश चहार्न चाहन्थी ।

एकदिन आमा चारो खोज्न गएको मौका छोपेर चिरबिरे भँगेरी गुँडबाट निस्किई । उसका पखेटा साह्रै साना भएकाले ऊ एक वेग उड्नासाथ भुइँमा खस्न पुगी । त्यसै बखत एउटा ढाडे बिरालोले उसलाई झम्टियो । ढाडे धेरै दिनदेखि भँगेरी चारो खोज्न बाहिर जाली चारो खोज्न बाहिर गाँस पारुँला भन्ने मिठो कल्पनामा बसेको थियो । मौका आएको देखेर बडो दङ्गदास परेर त्यो बिरालो भँगेरीतिर झम्ट्यो । आफ्नो



ज्यानै जान लागेको देखेर सानी भँगेरीले आफ्ना साना पखेटामा जोर दिएर फटफट गर्दै फेरि एक बेग उडी । बिरालो पनि अलि परसम्म उडेर पखेटा गलेपछि त्यो फेरि भुइँमै खस्छे भन्ने अड्कल गरेर उसको पछि पछि दगुर्‍यो ।

कही पर एउटा । रमाइलो बगैंचा थियो । त्यहाँ रङ्गीचङ्गी फुलहरु फुलिरहेका थिए । फुलमा माहुरी, भमरा र रङ्गीचङ्गी पुतलीहरु उडिरहेका थिए । बगैंचाका माझमा एउटा हरियो चौर थियो । त्यही चौरमा माया, विक्रम, गीता, अमर र प्रतिमाहरु खेलिरहेका थिए । स्कुल छुट्टी भएकाले उनीहरु त्यहाँ छुट्टी मनाउन आएका थिए । सानी चिरबिरे भँगेरी बिरालोदेखि आत्तिएर उड्दा, पखेटा गलेर रुखको सुकेको पातजस्तै गरी केटाकेटीका अगाडि खसी ।

'ओहो ! सानी भँगेरी ! विचरा उड्ने बेलै नभै उडेर  पखेटा गलेर खसिछ', प्रतिमाले उसलाई भुइँबाट उठाएर सुमसुम्याउदै मायालु स्वरमा भनी ।

'पखेटा गलेर मात्र होइन, त्यो बिरालो देखेर आत्तिएर बसेकी !', गीताले अलि पर ढुकेर बसेको ढाडेलाई देखाउदै भनी ,- 'यो त हाम्रै घरको खटप्वालमा गुँड लाएर बसेको भँगेरको बच्चो जस्तो छ ।'

'प्रतिमा ! त्यो बच्चालाई धेरै नमुसार , यस्तो बचेरालाई मान्छेको तातो धेरै लाउनु हुँदैन । यसलाई लगेर यसैको गुँडमा छोडिदिनुपर्छ ।' - टोलीकी प्रमुख मायाले भनी ।



त्यस टोलीमा भुवन पनि थियो । ऊ अलि दृष्ट स्वभावको केटो थियो । भँगेराको बच्चो देखेर उसको जिब्रोमा रसाइ सकेको थियो । यसले मायाको कुरा काट्दै भन्यो-'आ ! कहाँ गुँडमा लगेर छोड्ने पोलेर खाने नि । भँगेराको मासु कति मिठो हुन्छ । खोइ ले प्रतिमा, म यसलाई आगो बालेर पोलपाल गर्छु । भुवनको कुरा सुनेर गीतालाई रिस उठ्यो । उसले आँखा तर्दै भनी- 'यो भुवने ! यसलाई त मार्ने, काट्ने र खानेदेखि अरु कुरै आउँदैन । तँलाई पनि कसैले मारेर पोलेर खायोभने के होला नि ? राक्षस ! 'हो यो भुवन अलि राक्षस स्वभावकै छ' -मायाले भनी । 'गीता यस भँगेरीलाई गुँडमै लगेर

राखिदिनुपर्छ । बिचरा यसकी आमा कति अतालिलएर बसेकी होली । लौ विक्रम ! यसलाई तिमीले नै लगेर राखिदेऊ ।'

आमा भँगेरी चारो लिएर गुँडमा फर्कदा आफ्नी सबैभन्दा चञ्चले बचेरीलाइ नपाएर अतालिएकी थिई । ऊ च्याँच्या र चुँचुँ गर्दै गुँड र त्यसको सेरोफेरोमा चक्कर काटिरहेकी थिई । विक्रम र मायाका टोलीले त्यस चिरबिरे बचेरालाई ल्याएर गुँडमा राखिदिए । उनीहरुको व्यहार देखेर आमा भँगेरी अत्यन्त खुसी भएर कराउन थाली । ऊ खुशीको स्वरमा छोरीलाईचुच्चाले मुसार्न थाली ।

'लौ हेर न ! त्यसैले त हामीले आमाबाबालाई पिर पर्ने काम गरेर दुख दिनुहुन्न भनेको नि थाहा छैन, सानी प्रतिमाले आफ्ना निर्दोष स्वरमा भनी । उनीहरु एक टकले त्यो आमा भँगेरीले आफ्नी बचेरीलाई माया गरेको हेरेर बसे ।

एकैछिनपछि आमा भँगेरी आफ्ना गुँडको छेउमा आएर बसी । ऊ केटाकेटीलाई एकनासले आशीवार्दका फुलहरु बर्सिरहेका छन् -नानी हो ! आज मेरी यस चिरबिरे, मुर्ख बचेरीलाई ढाडेको मुखबाट बचाएर तिमीहरुले मलाई जन्मभरका लागि गुन लाएका छौ । तिमीहरु सारै ज्ञानी र असल केटाकेटी हौ । तिमीहरु सधैँ यसै गरी निर्धाको रक्षा गर्दै  रहनू, अरूको भलो गर्दै रहनू । तिमीहरूको पनि भलो होओस् ।

अलि परतिर एउटा झाडीमा त्यो दुष्ट ढाडे बिरालो लुकेको थियो । त्यो हिस्स बुढी खिस्स दाँत भने झैँ जिल्लिएर कहिले भँगेराको गुँडतिर र कहिले केटाकेटीहरूतिर हेरेर बसिरहेको थियो ।

**अभ्यास**

१. **शुद्धसँग उच्चारण गर्नुहोस् :-**

चञ्चले, चुच्चो, धर्ती, रङ्गीचङगी ,घस्रिनु, टेरपुच्छार, दृष्ट, झम्टियो, सुमसुम्याउनु,स्वभाव, आशीवार्द

२. **'चिरबिरे भँगेरी' कथा पालैपालो शुद्धसँग पढ्नुहोस् ।**

**३. तल दिइएका शब्द र अर्थको जोडा मिलाउनुहोस् ।**

| शब्द | अर्थ |
|---|---|
| ज्ञानी | रमाइलो |
| बादल | बदमास/खराब |
| आनन्द | असल ज्ञान भएको |
| अर्ती | चराको खानेकुरा/आहारा |
| दृष्ट | आत्तिनु |
| अतालिनु | पानीको वाफ |
| चारो | उपदेश |

**४. विपरीतार्थी शब्दको बीच जोडा मिलाऊ :-**

| | |
|---|---|
| खुल्ला | बलिया |
| आकाश | गालि |
| अर्ति | श्राप |
| सधैं | धर्ति |
| बाहिर | सुख |
| निर्धा | कहिलेकाही |
| दु:ख | भित्र |

**५. पाठका आधारमा उत्तर भन्नुहोस् ।**

क) चिरबिरे भँगेरी कस्ती थिई ?

ख) आमाको अर्तिलाई चञ्चले भँगेरी के ठान्थी ?

ग) बगैंचामा के-के उडिरहेका थिए ?

घ) को चाहि दुष्ट स्वभावको थियो ?

ङ) भँगेरी कसरी बाँची ?

**६. तलका शब्दहरुलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

ज्ञानी, चुच्चो, पखेटा, चारो, गुँड, बगैंचा

**७. तल दिइएका वाक्यहरु ठिक बेठीक छुट्याई ठीक मात्र कापीमा सार :-**

क) चिरबिरे भँगेरी भर्खरै फुलबाट निस्केकी थिई ।

ख) चिरबिरे भँगेरीका दिदिभाई थिएनन् ।

ग) बचेरालाई आमाले चारो ल्याएर ख्वाउथिन् ।

घ) चिरबिरे भँगेरी गुँडबाट निस्कि ।

ङ) बगैँचामा बाँदर उफ्रदै थिए ।

च) साना बालबालिकाले भँगेरीलाइ गुन लगाए ।

**८. तल दिइएका शब्दलाई सच्याएर कापीमा सार ।**

श्यानि, शोभाक दुस्ट, धरती, मुरख

**९. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क) आमाले चारो ल्याएको चाल पाएपछि बचेराहरू के गर्थे ?

ख) भँगेरीलाई फुलमा पुतलीहरू घुमेको देख्दा कस्तो इच्छा हुन्थ्यो ?

ग) सानी भँगेरीको ज्यान कसरी बाँच्यो ?

घ) बचेरीकी आमा किन खुशी भई?

ङ) बिरालो किन हिस्स पर्‍यो ?

च) सानी भँगेरीकी आमा के भनेर सम्झाउँथी ?

**१०. शिक्षकले भनेका कुरा सुन्नुहोस र लेख्नुहोस ।**

तल धर्तिमा पनि रङ्गीचङगी फुलहरू फुलिरहेका हुन्थे । प्रत्येक फुलमा रङ्गीचङगी पुतलीहरू घुमिरहेका हुन्थे । यी सबै दृश्य देखेर उसलाई पनि निलो आकाशमा तिनै चरा र पुतलीसँग आनन्द लिएर उड्ने इच्छा हुन्थ्यो । रहरले ऊ आफ्ना साना पखेटाहरू फटफट चलाउन कोसिस गर्थो । बिस्तारै गुँडको किनारतिर घस्रन खोज्थी ।

**११. चिरबिरे् भँगेरी पाठबाट 'चन्द्रविन्दु' लागेका शब्दहरू लेख्नुहोस् ।**

**१२. चराबारे रमाइला कुरा बुझी कुनै एकको वर्णन गर्नुहोस् ।**

नेपालमा मात्र पाइने चरा –काँडेभ्याकुर

सबभन्दा धेरै फुल पार्ने चरा – चिल

स्तनधारी चरा –चमेरो

आफु सानो भए पनि ठुलो गुँड लगाउने चरा –कोटेरो

सबभन्दा सानो चरा –बी ह्युमिङ बर्ड

अर्काको गुँडमा फुल पार्ने चरा –कोइली

माटाको गुँड बनाउने चरा – गौथली

मान्छेको बोली नक्कल गर्ने चरा –मैना , सुगा

सबभन्दन ठुलो चरा – अस्ट्रिच

**१३. 'चिरबिरे भँगेरी' कथाको भाव लेख्नुहोस् ।**

# वृक्षारोपन

रमा, विना र सरोज अत्यन्त मिल्ने नजिकका साथीहरू हुन् । तीनैजना सामुदायिक विद्यालयमा कक्षा पाँचमा पढ्छन् । यिनीहरू एउटै गाउँका भएकाले सधै विद्यालय विदा पछि सँगै घर फर्कन्छन् । यही घर फर्कने क्रममा कुराकानी हुन्छन् ।

सरोज :आज शुक्रबार भएकोले विद्यायल पनि सबेरै विदा भयो । त्यसैले कुनै एक विषयमा छलफल गरौं न साथी हो कि कसो ।



विना : ठिकै हो नि सरोज । छलफल गर्नु धेरै राम्रो हो । नबुझेका विषयहरूमा बुझ्न पाइन्छ । र बुझेकाले पनि अझ बढी बुझ्न पाइन्छ । (हाँ हाँ– तिनैजना हास्छन्)

रमा : कसरी नी ?

विना : ल त्यती पनि तिमीलाई थाहा छैन रमा । हेर, जो सँग जति ज्ञान छ त्यसलाई लुकाइ राखे घट्दै जान्छ, बिर्सन्छ । त्यही ज्ञान अरुलाई बाड्यौं भने , भन्यौ भने कहिले बिर्सिदैनन्, अझ बढी थाहा हुन्छ । भएन र ? अनि आज कुन विषयमा छलफल गर्ने हो त्यो विषय छनौट गरौं न ।

रमा : हिजो भर्खर रेडियोमा 'वृक्षारोपन' कार्य सम्पन्न भनेर मैले सुनेकी थिए । यही विषयमा छलफल गरौन । मैले राम्रोसँग बुझेको पनि छैन ।

सरोजः ल सुन 'वृक्षारोपन' भनेको सरकारको स्वामित्वमा रहेका जग्गमा अथवा व्याक्तिहरूका व्यक्तिगत जग्गामा रूख विरूवाहरू रोप्नुलाई वृक्षारोपन भनिन्छ । यो विशेष गरेर धान मकै, कोदो गहुँ ,फापर जस्ता अन्नहरू नफल्ने ठाउँहरू डाडाँपाखामा वृक्षारोपन गरिन्छ ।

विना : ठिक भन्यौ, सरोज तिमीले । वृक्षारोपनबाट हाम्रा वरिपरीका वातावरण हावापानी पनि स्वच्छ रहन्छ । रूख विरुवाहरु भएको छेउछाउ त आकासबाट वर्षिने पानी पनि धेरै मात्रामा वर्षिन्छन । र अन्नहरू पनि धेरै उब्जिन्छन् । साथै हाम्रो वरिपरि हरियाली रमनिय स्थल हुन्छ ।

सरोजः त्यती मात्र कहाँ हो र ? प्राकृतिक प्रकोपबाट हुने ठुलाठुला घटनाहरुबाट पनि जोगाउदछ । जस्तै गतवर्ष बागमतीले कत्तिका खेत कटान गरे, सोलुमा पहिरोले मानिस सहित घरहरू बगाए भनेर रेडियोबाट समाचार सुनेथ्यौ । हो, यस्ता ठुलाठुला मानविय घटनाहरूबाट बोट विरुवाहरुले जोगाउछ, बचाउँछ ।

रमा : मैले थोरै बुझिन सरोज । बाढी पहिरोबाट बोटविरुवाहरुले कसरी बचाउँछ नी ?



सरोजः हेर रमा, तिमीले यसबारेमा सजिलै बुझ्न सक्छयौं । उ पारीपाखा हेर त ।(हातले देखाउदै) त्यहाँ कति धेरै बोटविरुवाहरु छन् । त्यहाँ कहिले पनि पहिरो गएका छैन र बाढीले छेउ कटान पनि गरेका छैन । किनकी बोटविरुवाहरुका जराले जमिनमा भएका ढुङगा, गिट्टी, माटो र बोटविरुवाहरुको एक अर्काको जरालाई राम्रोसँग समातेर राख्छन् । जसले गर्दा पहिरो जान सक्दैन र बाढीले पनि कटानगर्न सकिदैन ।

विना : त्यसैले त सरोज हाम्रा हजुर बा ले भन्नुहुन्थ्यो ढुङगाको भर माटो र माटोको भर ढुङगा भनेर (हाँ..हाँ..हास्दै)

सरोजः तिमीलाई त उख्खान टुक्कामा त कस्ले पो भेट्छ र ।

रमा : ओहो ! रूखविरुवाहरुले त मानिसलाई धेरै सहयोग पो गदौ रहेछ त ।

विना : रमा, रूख विरुवाहरुले मानिसहरुलाई अझ धेरै सहयोग गरेका छन् । विरामी हुँदा रुख विरुवाहरुकै जरिबुटीबाट धेरै प्रकारका रोगहरु निको पार्ने विभिन्न थरिका आयुर्वेदिक औषधि बनाउने सकिन्छ । त्यसकारण हामीले अमला, हर्रो, बर्रो, निम, तितेपाती, कुरीलो जस्ता विभिन्न थरिका विरुवाहरु संकलन गरि वृक्षारोपन कार्य गर्नुपर्दछ ।

सरोज : अझ भन्नु पर्दा मानिसलाई नभइ नहुने बास स्थल घरको लागि खाँबा, वलो, झ्यालढोका जस्ता सामानहरु पनि रुखविरुवाहरुको काठबाटै निर्माण गर्न सकिन्छ । त्यसकारण वृक्षारोपन गर्न अत्यन्त जरुरी हुन्छ ।



रमा : आहा! वृक्षारोपन गर्न त धेरै राम्रो कार्य पो रहेछ त । बल्ल आज मैले तिमीहरुबाट थाहा पाएँ । त्यसको लागि धन्यावाद । र साथीहरु अब देखि हामीले सक्दो आ-आफ्ना ठाउँबाट साथीभाइ, छर छिमेकी, गाउँसमाजमा वृक्षारोपन सम्बन्धि जनचेतना फैलाउनु पर्दछ ।

सरोजः म चाँही रमा को कुरामा एक दमै सहमत छु । साथै वृक्षारोपन सम्बन्धि जनचेतना फैलाउने अवसर पनि मिलेको छ, साथीहरु ।

रमा : कसरी, सरोज ।

सरोज : हाम्रो विद्यालयले आउदो शुक्रबार विद्यालयको बार्षिकोत्सव मनाउन गइरहेको छ सोही अवसरमा हामीले प्र.अ.सँग छलफल गरि वृक्षारोपन सम्बन्धि बक्तृत्वकला प्रतियोगिता पनि आयोजना गर्ने । यसो गर्दा कसो होला साथीहरु ?

विनाः एकदमै राम्रो होला, यस्तो अवसर त विरलै मिल्छ । होइन त रमा ?

रमा : हो नि विना । यस्तो अवसर हामीले गुमाउनु हुदैन ।

सरोज : ओहो ! कुरैकुरामा त बाटो काटेको पत्तै भएन । छुटिने बेला पनि भएछ । अव पुनः आइतबार भेटौला । र साथीहरु आजलाई  वाइवाइ ।

(वाइवाइ भन्दै सवैजना आ-आफ्ना घरतिर जान्छन्)

**अभ्यास**

**१. 'वृक्षारोपन' पाठलाई रमा, विना र सरोज बनेर पढ्नुहोस् ।**

**२. तलका शब्दहरु शुद्धसँग पढ्नुहोस् ।**

वृक्षारोपन, स्वामित्व , प्राकृतिक, आयुर्वेदिक, वार्षिकोत्सव, वक्तृत्वकला

**३. तलका शब्दहरुको मिल्दो अर्थ छानेर जोडा मिलाउनुहोस् ।**

| शब्द | अर्थ |
|---|---|
| वृक्षारोपन | वर्ष |
| वार्षिकोत्सव | मौका |
| जनचेतना | बोटविरुवाहरु रोप्ने काम |
| आयुर्वेदिक | अधिन /मातहत |
| रमणीय | कुराकानी/बहस |
| अमला | जडीबुटीबाट तयार पारिएको औषधी |
| बोटविरुवा | रमाइलो |
| स्वामित्व | एक प्रकरको जङ्गली फल |
| अवसर | मानिसमा चेतना जगाउनु |

छलफल रुख

४. **तलका प्रश्नहरुको उत्तर भन्नुहोस् ।**

क) वृक्षारोपन पाठमा कसकसका बीच कुराकानी भएको छ ?

ख) आयुर्वेदिक औषधि के बाट तयार पारिन्छ?

ग) वृक्षारोपन कस्ता ठाउँहरुमा गरिन्छ ?

घ) बोटविरुवा भएको ठाउँमा कस्तो वातावरण हुन्छ ?

ङ) घर बनाउँदा झ्याल, ढोका के बाट निर्माण गरिन्छ ?

५. **वाक्यमा प्रयोग गर्नुहोस् :–**

स्वच्छ, वातावरण, वृक्षारोपन, जनचेतना, औषधि

६. **पढ र बुझ**

वृक्षारोपनबाट हाम्रा वरिपरीका वातावरण, हावापानी स्वच्छ रहन्छ । रुखविरुवाहरु रहेको छेउछाउमा त आकाशबाट बर्षने पानी पनि धेरै मात्रमा बर्षीन्छन् । अन्नहरु पनि प्रशस्त उब्जन्छन् । साथै हाम्रो वरिपरि हरियाली रमणीय स्थल हुन्छ ।

७. **खाली ठाउँमा मिल्ने शब्द छनौट गरी वाक्य पुरा गर्नुहोस ।**

| | | | | |
|---|---|---|---|---|
| पहिरो | संरक्षण | छलफल | जडीबुटी | स्वच्छ |

क) हामीले बोटविरुवाहरुको..............................गर्नुपर्दछ ।

ख) हाम्रो घर वरिपरि................................वातावरण हुनुपर्दछ ।

ग) बोटविरुवाले..........................जानबाट बचाउँछ ।

घ) आयुर्वेदिक औषधि.....................बाट तयार पारिन्छ ।

ङ) हामीले नबुझेका कुराहरु एक आपसमा....................गर्नुपर्दछ ।

**८. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस :–**

क) वृक्षारोपन भनेको के हो ?

ख) बोटविरुवाहरुबाट के-कस्ता फाइदाहरु हुन्छन् ?

ग) विभिन्न थरिका बोटविरुवाहरु किन लगाउनुपर्दछ ?

घ) बोटविरुवा नभएको ठाउँमा बाढीले कटान गर्छ, किन ?

**९. उस्तै अर्थ आउने शब्द लेख्नुहोस ।**

दिवस, संरक्षण, फाइदा, स्वच्छ, मानिस

**१०. शिक्षकले भनेका कुरा सुन्नुहोस् र लेख्नुहोस् :–**

बोटविरुवाका जडीबुटीबाट धेरै प्रकारका रोगहरु निको पार्ने विभिन्न थरिका आयुर्वेदिक औषधिहरु ब्नाउन सकिन्छ । त्यस कारण हामीले हर्रो,बर्रो, निम, तितेपाती,कुरिलो, अमला, ओदाल, सडर, साल, चन्दन जस्ता विभिन्न थरिका विरुवाहरु संकलन गरी वृक्षारोपन कार्य गर्नुपर्दछ ।

**११. तलका तालिकाबाट वाक्य बनाऊ :–**

| | | |
|---|---|---|
| बोटविरुवा | ले अक्सिनज | औषधि तयार गरिन्छ । |
| | बाट आयुर्वेदिक | स्वच्छ वातावरण हुन्छ । |
| | ले कार्बनडाइअक्साइड | दिन्छ । |
| | बाट काठका सामाग्रीहरु | जानबाट जोगाउँछ । |
| | ले बाढी पहिरो | निर्माण गरिन्छ , |
| | भएको ठाउँमा | लिन्छ । |

**१२. तल दिइएका कुनै एक शीर्षक छनौट गरी संवाद तयार पार्नुहोस् :–**

क) बालदिवस

ख) शिक्षा दिवस

ग) नारी दिवस

## माँ धमिनी

नेपाल धार्मिक दृष्टिकोणले सु-सज्जित भएको पावन भूमि हो । नेपालको तिनै प्रदेश(हिमाल, पहाड र तराई)को भूगोलले धार्मिक महत्व बोकेको छ। नेपालको हिमालय पर्वत शिवको वासस्थान हो भने पहाड पार्वतीको जन्मस्थल हो र नेपालको तराई महादेव र पार्वतीको क्रियास्थल हो । नेपालको हरेक भूभागको माटो पवित्र छ। यहाँको हरेक माटोले देवाङ्ग बोकेको छ। त्यसैले यी प्रदेशले आफ्ना गर्भमा विभिन्न धार्मिक, मठ-मन्दिर, गुम्बा, मस्जिद बोकेका छन् । धर्म प्राप्तिका लागि प्रख्यात यी स्थललाई धार्मिक स्थल पनि भनिन्छ । नेपालमा रहेका धार्मिक स्थलहरूले ऐतिहासिक तथा पौराणिक रूपमा केही न केही महत्व बोकेका छ । तिनै ऐतिहासिक तथा पौराणिक महिमा बोक्ने स्थलहरूमध्ये हिन्दु धर्मको महत्व बोक्ने एक पवित्र स्थल “माँ धमिनी” हो । माँ धमिनी नारीको रूप हो ।



माँ धमिनीथानको मन्दिर सिरहा जिल्ला, गोलबजार नगरपालिकाको महेन्द्र राजमार्गलाई छुनेगरी उत्तरी भुभागमा रहेको छ । यो नेपालको प्रसिद्ध शक्तिपिठ हो । माँ धमिनीको यो पिठलाई (स्वरुप)दक्षिणकाली जस्तो खुला स्थानमा नभइ माँ कङकाली सखडामाई, चुरियामाई जस्तो मन्दिरभित्र रहेको छ । यसको मुख पुर्वतिर फर्किएको छ ।

यो देवीको दुई वटा मात्र भुजा छ । माँ धमिनीको मूर्ति पत्थर कुँदिएर निर्माण गरिएको छ । माँ धमिनी मूर्ति रहेको परिसरमा दक्षिण-पश्चिम गरी महादेव, पूर्व-दक्षिणगरी गणेश र सामुन्ने पूर्वी भागमा कालीनागको मूर्तिहरु राखिएका छन् भने वैवाहिक कार्य सम्पादन गर्नका लागि विवाह मण्डप पनि छ ।

यी देवीको सम्मुखमा दुइवटा बाघको मूर्तिको प्रतिमा रहेको छ । जसलाई देवीको अस्त्रको रुपमा पुजा गरिन्छ । माँ धमिनीको मन्दिर तराइको समथर फाँटमा रहेतापनि यस मन्दिरको वरिपरि ठुल्ठुल्ला रुख विरुवाहरुले ढाकिएको छ । यो मन्दिर ठुलो पिपलको रुखमुनी अवस्थित भएको हुनाले पनि यो मन्दिरको महत्व हिन्दु धर्ममा बढी रहेको देखिन्छ ।



माँ धमिनीको उत्पत्ति कुनै व्यक्ति विशेषलाई सपना वा विपनामा नदिई आपसे-आप सृजित भएको देखिन्छ । अनादि कालमा भेलाहा डङग्राहाका एक महतो जातीका जमिनदार थिए ।ति जमिनदारका हजारौं गाईवस्तुहरु दिनहुँ जङ्गलमा चराउन गोठालोले लैजान्थे । ती गाईहरुमध्ये एक काली गाई सधैं केहि समयका लागि विलिन हुन्थ्यो । यो कुरा गोठालाले विचार गरिरहेको थियो । एक दिन गोठाला ती काली गाई कहाँ जाँदो रहेछ भन्ने बुझ्न पछिपछि लागे । ती गाई घना जङ्गलको बीच भागमा उभियो र गाईले आफ्नो थुनबाट भुईमा कसैले दुध दुहे झै दुधको

धारा बगाए । पुनः गाई आफ्नो बथानमा फर्किए । यो देखेर गोठाले आश्चर्य चकित भए । यो कुरा गोठालाले आफ्नो मालिकलाई सुनाए । मालिकले पनि सो कुरालाई विचार गर्न गोठालासँग गए र सोही दृश्य देख्यो ।

वास्तविक कुरा पत्ता लगाउन जमिनदारले तान्त्रिक गुरुहरुको सो स्थानमा जमघाट गराए । तान्त्रिक गुरुहरुको शक्तिबाट सिरहा जिल्ला गुलरिया ठेङ्गीका धामी गाँजे सिंह दनुवारको जेठी छोरी धमिनी हुन भन्ने कुराको जानकारी दियो । यस देवीको वास्तविक नाम कोइली सिंह दनुवार माँ धमिनी हुन् । उनी अविवाहित हुन् । यो देवीको उत्पत्ति कालो गाईको दुधका धाराबाट भएको हुनाले यस जिल्लाको स्थानिय बासीहरुले आफ्नो गाई, भैसीले जन्मेपश्चात सबैभन्दा पहिले यस देवीलाई दुधको धार चढाएर मात्र खाने वा प्रयोग गर्ने चलन रहेको छ । यो देवीलाई दनुवार समुदायले आफ्नो कुल देवताको रुपमा पुजाआज गरिरहेको हुनाले यस माँ धमिनीको मन्दिरमा पुरेत(पुजारी) पनि दनुवार जाती कै रहेको छ ।

स्थापना काल देखि नै यस देवीको पाठपुजा दैनिक रुपमा गरिदै आएतापनि विशेष गरी नयाँ वर्षमा धुमधामका साथ पुजाआज गरी मनाइन्छ । सोही अवसर पारेर वि.सं.२०५५ सालदेखि प्रत्येक वर्ष बैशाख १ गतेका दिन वास्तविक रुपमा जात्रा(मेला) लाग्ने चलन शुरु भएको बुझिन्छ । यो मन्दिरमा मंगलबार र शनिबार दशनार्थीहरुको बढी घुइचो हुने गर्दछ ।



१८ कठ्ठा क्षेत्रफलमा रहेको माँ धमिनी थानको मन्दिरलाई व्यवस्थित बनाउन संरक्षण गर्न, मर्मत गर्न गोलबजार बजार व्यवस्थापन समितिले गरेका थिए । हाल गोलबजार नगरपालिकाले गर्दै आएका छन् । यही समितिले मन्दिरको हाताभित्रको संरक्षण गर्ने, बजार मिलाउने, दशनार्थीको सुविधाका लागि सहज व्यवस्थापन गर्ने जस्ता कामहरु गर्दै आएको छ ।

सिरहाको गोलबजार नगरपालिका भित्ररहेको यस माँ धमिनीको मन्दिर धार्मिक दृष्टिले जतिमहत्वपूर्ण छ त्यतिकै मात्रामा प्राकृतिक सुन्दरताले पनि सु-सज्जित रहेको छ ।

**अभ्यास**

**१. तल दिइएका शब्दहरुको उच्चारण गर्नुहोस ।**

दृष्टिकोण, बासस्थान, धार्मिक , पौराणिक, उत्पति, शक्ति, स्थापना , प्राकृतिक जात्रा, सौन्दर्य

**२. माँ धमिनी पाठ पालैपालो शुद्धसँग पढ्नुहोस ।**

**३. तल दिइएका शब्द र अर्थको जोडा मिलाउनुहोस ।**

| शब्द | अर्थ |
|---|---|
| भुमि | प्रसिद्ध |
| हिमाल | खेल्ने ठाउँ, रङ्गशाला |
| प्रख्यात | जमिन |
| क्रिडास्थल | रेखदेख, हेरचाहा |
| तराई | विवाहा नभएको कन्या कुमारी |
| गोठाला | समथर ठाउँ |
| अविवाहित | देवीदेवताको,दर्शन गर्न आउने मानिसहरु |
| दशनार्थी | गाईवस्तु चराउने मान्छे |
| संरक्षण | हिउँ खस्ने ठाउँ |

**४. तलका शब्दहरुलाई शुद्धसँग लेख्नुहोस ।**

मनदीर, दिष्टिकोन, नगरपालीका, जाति, वीपना। भुमि, सीरहा, पारवती, मुरति

**५. तल दिइएका वाक्यहरुको मौखिक उत्तर भन्नुहोस ।**

क) नेपालको भुभागलाई कति प्रदेशमा बाडिएको छ ?

ख) माँ धमिनीको कतिवटा भुजा(हात) छने ?

ग) नेपालको हरेक भुभागको माटो कस्तो छ ?

घ) माँ धमिनीको मन्दिर महेन्द्र राजमार्गको कुन भागमा पर्दछ ?

ङ) धमिनीथानमा कुन-कुन बार घुइचो हुन्छ ?

**६. तलका शब्दहरुलाई वाक्यामा प्रयोग गर्नुहोस ।**

पहाड, जन्मस्थल, प्रख्यात,मन्दिर, जमिनदार ,शक्ति पुजा, दशनार्थी, संरक्षण, प्राकृतिक

**७. कोष्ठकमा दिइएका शब्दहरु छानी खाली ठाउँ भर्नुहोस :-**

( तराई, बाध, पवित्र,गोठाला,कोइली )

क) नेपालको हिमाल पहाड.............तिनै प्रदेशको भुभागले धार्मिक महत्व बोकेको छ ।

ख) नेपालको हरेक भुभागको माटो................छ ।

ग) माँ धमिनीको वास्ताविक नाम......................धमिनी हो ।

घ) गाईवस्तु चराउने मान्छेलाई.................भनिन्छ ।

ङ) माँ धमिनीको सम्मुखमा दुइबाट..........छन् ।

**८. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस ।**

क) नेपालको हरेक भुभागको माटो किन पवित्र छ ?

ख) माँ धमिनीको जात्रा (मेला) विशेषगरी कहिले मनाइन्छ ?

ग) यस मन्दिरमा कुन जातिका पुजारीले पुजा गर्छन ?

घ) माँ धमिनी परिसरमा के-केका मुर्तिहरु रहेका छन ?

ङ) माँ धमिनीको उत्पति कसरी भयो ?

च) माँ धमिनी मन्दिरको पाठको आधारमा वर्णन गर्नुहोस ?

**९. शिक्षकले वाचन गरेका कुरा सुन्नुहोस र कापीमा लेख्नुहोस ।**

सिरहाको गोलबजार नगरपालिको भित्र रहेको यस माँ धमिनीथानको मन्दिर धार्मिक दृष्टिले जति महत्वपूर्ण छ , त्यति कै मात्रामा प्राकृतिक सुन्दरताले पनि सु-सज्जित रहेको छ ।

**१०. माँ धमिनी पाठ पढेर दशवटा मुख्य क्रियापदहरु लेख्नुहोस ।**

जस्तै : बोक्नु

**११. ठिक बेठिक छुट्याउनुहोस :**

क) नेपाल धार्मिक दृष्टिकोणले सु सज्जित भएको पावन  भूमि हो ।

ख) माँ धमिनीथानको मन्दिर गोलबजार नगरपालिका भित्र पर्दछ ।

ग) माँ धमिनीको वास्ताविक नाम कोइली धमिनी हो ।

घ) गाँजे धामीको जेठी छोरी कोइली धमिनी हो ।

ङ) दनुवार जातीले यस देवीलाई आफ्नो कुलदेवताका रुपमा पुजागर्दछन् ।

**१२. ह्रस्व उकार लागेका शब्दहरु पाँचवटा लेख्नुहोस ।**

**१३. आफ्नो वरपर रहेको कुनै मन्दिरको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

# अध्याय : पाँच

## क. निष्कर्ष :

विद्यालय तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको महत्वपूर्ण योगदान छ । विद्यालय तहको प्रारम्भिक कक्षा देखि अनिवार्य रुपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यवहारिक ढङ्गले शिक्षण गरिनुपर्दछ । त्यसका निम्ति उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामाग्री हुनुपर्दछ । विद्यालयमा पढाइने नेपाली भाषाको प्रयोजन भाषिक दक्षता (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) गर्नुको साथै बोध र अभिव्यक्ति पक्षको विकास गर्नु आवश्यक रहेको छ । पाठ्यपुस्तकको निर्माण पाठ्य क्रमको उद्देश्यलाई परिपूर्ति गर्नको लागि गरिन्छ । पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य पूर्तिहुने खालका विषयहरु पाठ्यपुस्तकमा समावेश हुनुपर्दछ ।

तत्कालीन श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रद्धारा (२०५८) मा प्रकाशित तथा नेपाल सरकार प्रा.वि.(पाठ्यक्रम विकास) केन्द्रद्वारा (२०६४) सालमा पुनर्मुद्रित प्राथमिक तहको नेपाली विषयको पाठ्यक्रमको आधारमा प्रस्तुत कक्षा पाँचको भाषा पाठ्यपुस्तकमा नमुना पाठ शीर्षक शोधपत्र तयार गरिएको हो । यसमा कथा, कविता, संवाद र सांस्कृतिक प्रबन्ध छनौट गरी समावेश गरिएको छ ।

- कक्षा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरुमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखित तथा लिखित कथनलाई लिइन्छ । कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पठाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्छ ।
- यसमा पठनकौशल, रचनाकौशल, शब्दभण्डार जस्ता पक्षमा जोड दिइएको छ ।
- पाठकै विषयवस्तुका आधारमा व्याकरण सिक्न अभिप्रेरित गर्ने उद्देश्यले व्याकरण शिक्षणका उदाहरण र अभ्यास दिंदा सकेसम्म सम्बन्धित पाठबाट दिने प्रयास गरिएको छ । व्याकरणका अभ्यासहरुमा नियम

भन्दा पनि व्यवहारिक प्रयोग पक्षलाई बढी जोडदिई कार्यमूलक व्याकरण बनाइएको छ ।

- कविता शिक्षणका मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण संस्कारको विकास गर्नु हो । अतः कविता शिक्षण गर्दा विशेषतः लययुक्त सस्वरवाचन भावपहिचान, प्रश्नोत्तर, भावार्थ आदिका कार्यकलाप गराउनु पर्दछ ।
- यसमा कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउने खालका अभ्यासहरु राखिएका छन् ।
- संवाद विधाको मुख्य प्रयोजन विद्यार्थीमा नाट्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै नाट्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो ।
- यसमा पाठको उपयोग गरी खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रुपमा संवाद लेखनको अभ्यास गराइएको छ ।
- प्रबन्ध/निबन्ध विधाको मुख्य उद्देश्य विद्यार्थीहरुमा गद्यात्मक अभिव्यक्ति बोध क्षमतामा जोड दिदै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो ।
- यस पाठको प्रयोजनका लागि खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रुपमा निबन्ध लेखनको अभ्यास गराइएको छ ।
- व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरुलाई भाषाको शुद्ध प्रयोग प्रति अभिप्रेरित गर्नु हो । यसमा भाषिक क्षमता अभिव्यक्तिका लागि पूरक रुपमा भाषातत्व (व्याकरण) लाई समावेश गरिएको छ ।
- यस नमुना पाठ भित्र विद्यार्थीहरुमा उदाहरण र प्रयोगका आधारमा पाठभित्रैबाट व्याकरणको नियमको खोजी गर्ने खालका अभ्यासहरु राखिएका छन् ।

**ख. सुझाव :**

- कुनै पनि पाठ्यक्रम तथा पाठ्यपुस्तक पाठ्यक्रम सामान्यतया १०-१० वर्षमा परिमार्जन एवम् संशोधन गर्नुपर्ने अवधारणा अनुसार वि.स. २०५९ मा परिमार्जन गरिएको कक्षा पाँचको नेपाली पुस्तक अब तत्कालै परिमार्जन गर्नुपर्ने देखिन्छ ।
- देशमा गणतन्त्र स्थापित भईसकेको अवस्थामा संघीय संरचनाको आधारमा भाषा पाठ्यक्रम तथा पाठ्यसामाग्रीको निर्माण हुनु पर्दछ ।
- परिवर्तित वर्णविन्यास (हिज्जे) अनुसार पाठ्यपुस्तक छपाई हुनु अनिवार्य छ । यसबाट अहिले नेपाली भाषमा भईरहेको वर्णविन्यासको दोहोरो मापदण्डको अन्त्य हुनेछ ।
- कक्षा पाँचमा नेपाली विषयको पूर्णाङ्क १०० र प्रतिहप्ता पाठ्यभार ८ भएतापनि पूर्णाङक नबढाएपनि प्रतिहप्ता पाठ्यभार बढाउनु पर्ने, यसबाट दोस्रो भाषाका रुपमा नेपाली अध्यायन गर्ने विधार्थीहरुको भाषिक क्षमता अभिवृद्धिमा थप टेवा पुग्ने देखिन्छ ।
- शिक्षकको पेशागत विकास (T.P.D) तालिमको प्रभावकारिताका लागि अनुगमनको पाटोलाई अझ सशक्त बनाउनु पर्दछ । यसबाट पाठ्यक्रमको अपेक्षा गरेको लक्ष्य हासिल गर्न मद्दत पुग्दछ ।

## सन्दर्भग्रन्थ सूची

१. खतिवडा, गोपीकृष्ण र अन्य (२०७२) *'हाम्रो सजिलो नेपाली'* काठमाण्डौ

टेक्सलाइनर पब्लिकेशन प्रा. लि. ।

२. ढुङगेल, भोजराज र  दुर्गा प्रसाद दाहाल (२०५६) *'भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति'* काठमाण्डौ एम.के. पब्लिसर्स ।

३. नेपाल, डा. शैलेन्दुप्रकाश  र अन्य (२०७२) *'युनिक रचनात्मक नेपाली वाणी -५'* काठमाण्डौ युनिक एजुकेशनल पब्लिसर्स ।

४. नेपाल, डा. शैलेन्दुप्रकाश र अन्य (२०७२) *'हाम्रो नेपाली-५'* काठमाण्डौ गिनिज पब्लिकेशन प्रा.लि. ।

५. नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्धारा (२०५३) मा प्रकाशित *'मेरो नेपाली'* भाषा पाठ्यपुस्तक ।

६. न्यौपाने, दैवज्ञराज, लम्साल, रामचन्द्र र अन्य 'हाम्रो झण्डा' *सुनौलो नेपाली कक्षा पाँच*।

७. पाण्डे, गोमा (२०७१) *'अल्फावेट नेपाली पाँच'* काठमाण्डौ अल्फावेट वुक्स प्रा. लि. ।

८. पोखरेल, प्रा.बालकृष्ण (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

९. पौड्याल, लेखनाथ (२०५३) *मेरो नेपाली कक्षा पाँच,* पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

१०. पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

११. बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

१२. विकल, रमेश- चिरविरे भँगेरी *'आधुनिक नेपाली माला कक्षा पाँच'* सुभेच्छु रमेश विकल र अन्य ।

१३. *'माँ धमिनी'* पुजारी रामबाबु सिंह दनुवार र स्थानीय बाँसी, कुन्ती लामा ।

१४. लम्साल रामचन्द्र र अन्य (२०६७) *'सुनौलो नेपाली कक्षा पाँच'* काठमाण्डौ क्याम्ब्रिज पब्लिकेशन प्रा.लि. ।

१५. शुभेच्छु रमेश र अन्य (२०७२) *'आधुनिक नेपाली माला कक्षा पाँच'* काठमाण्डौ, एलाइड पब्लिकेशन प्रा. लि. ।

१६. संवाद स्वयम (आफै) र श्रीमान मनोज ।


**समाप्त**